# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघिय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः२०७५।७६ च.नं.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
राजविराज नगरपालिका,
राजविराज, सप्तरी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट त्यस नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातहरुको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने, गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१० करोड ४० लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ६५ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २२ लाख २९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड २४ लाख ३० हजार र पेश्की रु. १ करोड २८ लाख ९५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृयासहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना छव्विस (२६) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# राजविराज नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १६ वडा र ८५ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र राजविराज नगरपालिका भित्र रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ३००८२६००४.४९ |
| | क) नगद | **०** | २ | **पूँजीगत खर्च** | १४९८३६४८९.६२ |
| | ख) बैंक | १०५९०८७५.३८ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| | ग) धरौटी खाता | ५१८२९३२.८१ | | क) ऋण भुक्तानी | ० |
| | घ) कर्मचारी कल्याण कोष खाता | ० | | ख) व्याज भुक्तानी | ० |
| २ | कर्मचारी कल्याण कोष खाता गत वर्ष | ० | | ग) अन्य भुक्तानी | ० |
| ३ | मर्मत सम्भार कोष खाता | ० | ४ | **लगानी** | ० |
| ३ | **राजस्व (आन्तरिक आय)** | ० | | ऋण लगानी | ० |
| | क) आन्तरिक राजस्व | ११६७५३८०.१३ | | शेयर लगानी साझा यातायात | ० |
| | ख) राजस्व बाँडफाँड | १०३४७०९.२१ | | अन्य लगानी | ० |
| | ग) अन्य आय | ० | ५ | **धरौटी फिर्ता** | **९७३०७६.५३** |
| ४ | **वित्तीय हस्तान्तरण** | ० | ६ | **कोष खर्च (निकासा फिर्ता)** | **२८१८४७४५.२९** |
| | क)वित्तीय समानीकरण अनुदान | २७८६४९०००.०० | | अर्थ वजेट | ० |
| | ख) सशर्त अनुदान | २६६०३२०००.०० | ७ | **मौज्दात** | |
| | ग) समपुरक अनुदान-सडक वोर्ड नेपाल | ० | | क) नगद मौज्दात | ० |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | ख) बैंक मौज्दात | **१३९०७७३६६.३२** |
| ६ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | ग) धरौटी खाता | **७९८६४३०.८८** |
| ७ | वित्तीय व्यवस्था प्राप्ति | ० | | | ० |
| ८ | जनसहभागिता (नगद) | ० | | | ० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ० | | | ० |
| १० | **धरौटी आय** | ३७७६५७४.६० | | | ० |
| १३ | **अन्य विविध आय** | ४९९४२६४१.०० | | | ० |
| | **जम्मा** | **६२,६८,८४,११३.१३** | | **जम्मा** | **६२,६८,८४,११३.१३** |

क्रमशः

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>वजेट पेश गर्ने तथा पारित गर्नेः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर सभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ पौष २९ गते मात्र स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय-व्ययको प्रक्षेपण २०७४ पौष २९ मा सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>बैङ्क हिसाब समायोजन : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण तथा बैङ्क नगदि किताव अनुसार कार्यालयको धरौटी खातामा रु ७९,८६,४३०।८८ र अन्य खातामा रु १३,९०,७७,३६६।३२ गरेर रु १४,७०,६३,७९७।२० र वैंक स्टेटमेन्ट अनुसार महिला तथा वाल विकास कोषमा रु ६,३३,२९९।६३, गरिबी निवारण कोषमा रु ८६,२५,१७०।–, चालु खातामा रु ४५,६३८।-, पुँजिगतखातामा रु ६,३७,७७,८२७।९८, मर्मत सम्भार कोषमा रु १०,६३८।-, प्रकोप व्यवस्थापन कोषमा रु २७,६१,२११।-, कर्मचारी कल्याण कोषमा रु ३८,१९९।०४, धरौटी खातामा रु ४३,७१,३२७।२३ र सञ्चितकोष खातामा रु ११,९०,०३,०६९।६१ समेत बैकमा रु. १९,९२,६६,१७३।४९ मौज्दात देखिएको छ । कार्यालयले २०७५ आषाढ मसान्तमा स्रेस्ता र बैंक फरक देखिएकोमा बैंक हिसाब समायोजन विवरण (म.ले.प.फा.नं.१५) तयार गरेको छैन । श्रेस्ता भन्दा बैंकमा रु. ५,२२,०२,३७६।२९ वैंक वढी भएकोमा कारणसहित वैंक हिसाव समायोजन विवरण तयार गरी हिसाव मिलान गर्नुपर्ने देखिएको, रु. ..</td><td>५,२२,०२,३७६।२९</td></tr>
<tr><td>४.</td><td>वित्तीय प्रगतिको स्थिति : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरिय तथा वडास्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम प्रगति विवरण दिएको देखिएन । नगरपालिकाको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ ।
<table>
<tr><th>कार्यक्रम</th><th>वजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>समानीकरण अनुदान</td><td>२७८६४९०००.००</td><td>१७४८६४१०५.४५</td><td>६२.७५</td></tr>
<tr><td>सशर्त अनुदान</td><td>१४७७७८०००.००</td><td>१४३३४९२०४.८६</td><td>९७.००</td></tr>
<tr><td>जम्मा</td><td>४२,६४,२७,०००.००</td><td>३१,८२,१३,३१०.३१</td><td>७४.६२</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.</td><td>योजना र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले</td><td></td></tr>
</table>

योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

६. **योजनागत लक्ष्य प्रगति** : नगरपालिकाले यस आ.व. मा सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गरी पेश नगरेकोले योजनागत प्रगति यकिन गर्न सकिएन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ ।

क) राजश्व वक्यौता असुली सन्तोषजनक नभएको,
ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि नगरेको,
ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक नराखेको,
घ) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने नगरेको,
ङ ) इन्धन खर्चको लगबुक राख्ने नगरेको,
च) उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने नगरेको,
छ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा पारित नगराएको र
ज) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ नराखेको ।

८. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई गाँउ/नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । कार्यालयको श्रेस्ता अभिलेखांकनकालागी अन्य सफ्टवेयर प्रयोग गर्ने गरेको बुझियो । अतः तोकिएको SUTRA सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याइनु पर्दछ ।

९. **अनुगमन खर्च र प्रतिवेदनः** कार्यालयले वा कार्यालय मातहतमा भएका काम कारवाहीहरुको अनुगमन पस्चात अनुगमन प्रतिवेदन तयार गरि अनुगमन निर्देशन पश्चात कार्यन्वयनको पृष्ठपोषण गरिएको हुनु पर्दछ । कार्यालयले देहाय अनुसार अनुगमन खर्च लेखेको देखियो । तर अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । अतः अनुगमन पश्चात अनुगमन प्रतिवेदन दिने अनुगमन प्रतिवेदनमा निर्देशन देने र निर्देशन कार्यान्वयनको पृष्ठपोषण गरिनु पर्दछ ।

| खर्च शिर्षक | भौ.नं. र मिति | खर्च व्यहोराहरु | खर्च रु. |
|---|---|---|---|
| **बहुक्षेत्रिय पोषण कार्यक्रम** | १०-२०७५/०३/३० | प्रमुख प्रशासकीय अधिकृत चन्द्र वहादुर कार्की समेत ७ मा सहि २०७५/३/२३ मा कार्यक्रम अनुगमन गरेको उल्लेख गरि भत्ता विवरण खर्च लेखेको विवरण | २१४७५/- |

| | | | |
|---|---|---|---|
| | ७-२०७५/०३/३१ | नगरपालिकाका प्रमुख, उपप्रमुख वडा अध्यक्ष समेतलाई कार्यक्रम अनुगमन २०७५/३/२५ मा गरेको भत्ता विवरण खर्च | ६०००/- |
| **पुँजीगत खर्च खाता** | ४१-२०७४/१२/७ | लामखुट्टेको औषधि छर्ने कार्यको नगर प्रमुख, उपप्रमुख समेतलाइ अनुगमन खर्च विवरण रु. | ४६५००/- |
| | ५२-२०७४/१२/१४ | नगर प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत चन्द्र बहादुर कार्की समेतलाई पशु स्वस्थ कार्यक्रमको अनुगमन भत्ता विवरण | १५०००/- |
| | ८२-२०७५/२/३ | नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत चन्द्र वहादुर कार्की समेतको पशु सेवा कार्यक्रमको अनुगमन | ९०००/- |
| | ९०-२०७५/२/११ | नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत चन्द्र वहादुर कार्की समेतको पशु सेवा कार्यक्रमको अनुगमन भत्ता खर्च रु. | ५५००/- |
| | १२६-२०७५/३/२८ | नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत चन्द्र वहादुर कार्की समेतको पशु सेवा कार्यक्रमको अनुगमन भत्ता रु. | ९०००/- |
| | १४६-२०७५/३/३१ | नगरपालिका क्षेत्रका १ देखि १६ वडा सम्मका २० उपभोक्तालाई गोवर ग्यास प्लान्ट निर्माण गर्न सिद्दकाली गोवर ग्यास तथा उर्जा विकास कम्पनि प्रा.लि.लाई रु.२ लाख भुक्तानी दिएकोमा उक्त प्रा.लि.ले राजविराज १ क) उपेन्द्र यादव समेत २० उपभोक्ता लाई रु.१० हजारले नगद वितरण गरेको र उपभोक्ताहरुको शौचालयको निर्माण तथा उपयोगको सम्बन्धमा उक्त प्रा.लि.तथा नगरपालिकाले अनुगमन नै गरेको छैन । | २०००००/- |
| | २-२०७५/३/२२ | चौधरी ट्रेडर्स सुरुंगा वाट ८ हप्ते कुखुराको चल्ला ६०० गोटा रु.४६० ले रु.२७६०००/- र कार्टुन १९५ थानको रु.३९०० मा खरिद गरी नगरक्षेत्रका गरिव, विपन्न तथा पिछडिएका समुहका सुनौला हजार दिनका महिलाका लागी प्रति व्यक्ति ५ वटाका दरले विवरण गरेकोमा विवरण पश्चात उपयोगको निरन्तरता र उपयोग स्थितिका सम्बन्धमा अनुगमन नगरेको रु. | २७९९००/- |

१०. **पेश्की:** कार्यालयले विभिन्न कर्मचारी तथा निर्माण व्यवसायीलाई कार्य संचालनका लागी मोविलाईजेशन पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट गरेको नदेखिएकोले आर्थिक कार्यविधि नियमावलीको नियम ७४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (५) अनुसार फछ्र्यौट गर्नु पर्ने रु. **३६,६५,६००/-**

| पेश्की लिने | गत गतवर्षको पेश्की | चालु वर्षको पेश्की |
|---|---|---|
| श्री तरुण कुमार यादव | - | १,८१,२००/- |
| श्री चेत नारायण यादव | - | ८१,२००/- |
| श्री पशुपति कुमार चौधरी | - | ३२,०००/- |
| श्री झवर सुनरैत यादव | - | ५,६२,०००/- |
| श्री हरी नारायण यादव | - | ८६,४००/- |
| श्री जयराम यादव | - | ९,५१,२००/- |
| श्री भवन निर्माण उ.स. | १२,६८,०६१/७० | - |
| श्री बैजु कुमार देव | - | ५२,४००/- |
| श्री अजय कुमार साह | - | ३,३२,०००/- |
| श्री भागवत यादव | - | ८३,२००/- |
| श्री दिनेश प्रसाद यादव | - | १,१२,०००/- |
| श्री मो.आलम खान | - | ८,६२,०००/- |
| श्री ओम प्रसाद साह | | २,५०,०००/- |

| | | |
|---|---|---|
| श्री विजय कुमार देव | | ८०,०००/- |
| जम्मा | १२,६८,०६१/७० | ३६,६५,६००।- |

| | | |
|---|---|---|
| ११. | **हाट वजार ठेक्काः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सार्वजनिक निकायले दफा २५ वमोजिम सारभुतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने वोलपत्र छनौट भएको ७ दिन भित्र सार्वजनिक निकायले सम्बन्धित वोलपत्र दाता लाइ निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनु पर्ने पन्द्र दिन भित्र कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्ने कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्र दाता सम्झौता गर्न नआएमा निजको बोलपत्र को जमानत रकम जफ्त गरी सो भन्दा लगतै पछिको अर्को सारभूत रुपमा प्रभावग्राही वोलपत्र दाता को बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता गर्नु पर्ने र ऐनको दफा ६३ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाता वा प्रस्ताव दाता ठेक्का सम्झौता गर्न नआएमा ठेक्का सम्झौता कार्यान्वयन गर्दा त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभुतरुपमा पालना नगरेमा कालो सुचिमा राख्ने व्यवस्था गरेको छ ।<br>नगरपालिकामा रहेको हरिया गुदडी बैठ्की बट्टी रकम असुलतहसिलकोलागि आ.व.२०७४/७५ मा १ बर्षको लागी मिति २०७४/२/११ मा सूचना प्रकाशित गरि शिलबन्दि दरभाउ पत्रमार्फत सबै भन्दा वढी रु.५९४०५५०/- कवोलवाला अजय अनुज कन्स्ट्रक्सनलाइ मिति २०७४/३/१८ मा ठेक्का अंक बराबरको बैंक गारेन्टी र पहिलो किस्ता बापतको रकम रु.१४८५३८७/७५ जम्मा गरी सम्झौता गर्नु आउन पत्र लेखेकोमा निजले रु.१० लाखको मिति २०७४/९/२८ सम्मको बैंक गारेन्टी राखि प्रथम किस्ता रु.१५०००००/- जम्मा गरी सम्झौता गराई पाउँ भनि २०७४/३/३० मा पत्र लेखेकोमा कार्यालयले मिति २०७४/४/१ देखि २०७४ भदौ २० गते सम्मलाइ अस्थाई चलन पुर्जी २०७४/३/३० को निर्णयानुसार दिएको देखिन्छ साथै विभिन्न अघिल्ला मितिमा तथा अन्तिम पटक २०७४/३/१३ च.नं. २८५१ को पत्र बाट बाँकि बक्यौता रकम दाखिला गर्ने पत्र पठाएकोमा पत्र बुझन नसकेको पत्रमा उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।<br>क) पहिलो सारभूत रुपमा प्रभावग्राही वोलपत्र दाताले आबश्यक बैंक ग्यारेन्टी नल्याएको आवस्थामा बोलपत्र जमानत जफत गरिदोस्रो प्रभावग्राही बोलपत्र दातासंग कानुन बमोजिम सम्झौता गरि ठेक्का व्यवस्थापन गर्नु पर्नेमा सो अनुसार नगरी अस्थाई चलन पुर्जी मार्फत काम गराएकोले नियम अनुसार देखिएन ।<br>ख) कार्यालय लाई पेश गरेको रु.१० लाखको बैंक ग्यारेन्टीको कार्यालयले अनुगमन नगरेकोले बैंक ग्यारेन्टी अवधि समाप्त भएकोले बैक ग्यारन्टी जफत हुन सकेन ।<br>ग) उक्त बोलपत्र दाता वाट प्रथम किस्ता बापत प्राप्त रकम संचित कोष दाखिला हुनुपर्नेमा रु.१५०००००/- धरौटीमा राखेकोले संचित कोष दाखिला गर्नु पर्ने रु. | १५,००,०००/- |
| | घ) उक्त बोलपत्र दाताबाट रु ५९४०५५०/- मध्ये प्रथम किस्ताको रु १५ लाख कटाइ बाँकि रु.४४,४०,५५०/- र सोमा १०% हुने ब्याज ४४४,०५५/- गरी रु.४८८४६०५/- असुल गरि संचित कोष दाखिला हुनु पर्ने रु. | ४८,८४,६०५/- |
| | ङ) कार्यालयबाट नियमानुसार सम्झौता गर्न नआउने बोलपत्रदातालाइ कालो सुचिमा राख्ने प्रक्रियाको पहल गरिएको छैन । | |
| १२. | **आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ८९ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु. १ करोड १६ लाख अर्थात अनुमान भन्दा ३८.६२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

| | | |
|---|---|---|
| १३. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । अतः थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | |
| १४. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १५. | **आन्तरिक आय सम्वन्धमा :** कार्यालयले यो वर्ष रु. १ करोड १६ लाख आन्तरिक आय प्राप्त गरेकोमा नगरपालिका अन्तर्गतका १६ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडागत आय एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखी सोहि दिन दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने तथा प्रत्येक वडाले मासिक आय विवरण तयार गरि केन्द्रमा (नगरपालिका) पठाउने र नगरपालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गरि आयलेखा अद्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| १६. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले राजश्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । अतः नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र २३ राखि राजश्व असूली लेखा व्यवस्थित गरि समयमै दाखिला गर्नुपर्ने र दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| १७. | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यस वर्ष वडा कार्यालय मार्फत भूमीकर (मालपोत) रु. ८ लाख ७० हजार तथा एकिकृत सम्पत्तीकर समेत रु. ७ लाख ४ हजार संकलन गरेको विवरण पेश गरेको छ । अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | |
| १८. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले कुल रु. ५ लाख ८ हजार व्यवसाय कर संकलन गरेको देखिन्छ । कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट नगरपालिकामा दर्ता भएका व्यवसायको कुल संख्या यकिन गर्न सकिएन । कार्यालयले वडा कार्यालयमा दर्ता भएका व्यवसायीहरुकोसमेत एकिकृत लगत तयार गरी राजस्व असुल गर्नूपर्नेमा सो वमोजिम सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको देखिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गर्ने गरेको छैन । कार्यालयले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |

| | | |
|---|---|---|
| १९. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी कर शीर्षकमा रु. ६ लाख ६७ हजार  कर संकलन गरेकोमा कार्यालय अन्तर्गत दर्ता भएका सवारीको लगत तगार नगरेवाट सवारी दर्ता संख्या यकिन गर्न सकिएन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २०. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा कार्यालयले यस शीर्षकमा कर संकलन गरेको देखिएन । नगरपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| २१. | **निकासी बालुवा, ढुंगा करः** ठेक्का व्यवस्था अनुसारको राजश्व असुल गरेको हुनु पर्दछ । निकासी ठेक्कामा अधिकतम कबोलबाला संकर यादव झुटकी ४ ले रु.२००००००/- मा ठेक्का साकार गरेकोले पहिलो किस्ताको रु.५००२५०/- धरौटीमा राखी २०७४/५/२० सम्म अस्थाई चलन दिएको र त्यस पश्चात पुनः रु.१६७०००/- धरौटी राखी १ महिना २०७४/६/१९ सम्म अस्थाई चलन पुर्जी दिएकोले मिति २०७४/७/३० को पत्रवाट बैंक ग्यारन्टी र किस्ता रकम लिई उपस्थित हुन् पत्राचार गरेपनि नआएपछी पुनः २०७५/३/१३ को पत्र वाट ठेक्का साकार गरेको रु. २००१००० मध्ये रु.६६७२५०/- मात्र बुझाएको हुँदा बाँकि रकम २४ घण्टा भित्र बुझाउन पत्राचारसम्म गरेकोमा बाँकी दाखिला गरेको छैन । अतः असुल गर्न बाँकि रु.१३३३७५००/- र सोमा सार्वजनिक खरिद नियमावलीको ११३(६) बमोजिमको १०% रकम रु.१३३३७५/- समेत रु.१४६७१२५/- असुल गरि संचित कोष दाखिला  गर्नु पर्ने रु. | १४,६७,१२५/- |
| २२. | **सौचालय ठेक्काः ठेकेदार अशोक महतले सौचालय ठेक्का रु.३७००००/- मा साकार गरेकोमा कार्यालयले सम्झौता गर्न आउन च.नं.८९०५/०६४/३/२१ को पत्र वाट जग्गा रोक्का भएको जानकारी पठाएको छ र मिति २०७४/३/२९ च.नं. ७२२९ वाट अस्थाई चलन पुर्जी दिइएकोमा रु.६१६६६/७० मात्र रकम बुझाएको छ । कार्यालयले सार्वजनिक खरिद ऐनको दफा २७ बमोजिम सम्झौता गर्नु पर्नेमा सम्झौता गरेको देखिएन । उक्त ठेक्का वाट दाखिला हुन् बाँकि रकम रु.३०८३३३/३३ र सोमा लाग्ने ब्याज १०% ले हुने रु.३०८३३/३३ गरी जम्मा रु.३३९१६६/६६ असुल गर्नु पर्ने रु.** | ३,३९,१६६/६६ |
| २३. | **घर सटर भाडाः** यस कार्यालयको कार्यक्षेत्रका भाडामा लगाएका बिभिन्न घर सटरहरुको भाडा असुल गरेको हुनु पर्दछ । कार्यालयले बिगत देखि नै भाडामा लगाएकोमा भाडावालासंग गरिएको सम्झौता र भाडा असुली अभिलेख अनुसार विभिन्न व्यक्तिहरुसंग विगत देखिको भाडा बक्यौता असुल गरेको छैन । अतः भाडा नतिर्ने व्यक्तिहरुको सम्झौता रद्द गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम पुनः भाडामा लगाइ देहायको बक्यौता असुल असुल गर्नुपर्ने रु. | १२,७५,३४५.२७ |

| भाडावालको विवरण | बक्यौता रु |
|---|---|
| हटिया पुर्व तर्फको गिलेशन कैयुम अन्सारी समेत १५ जना | १३६,६२३.७९ |
| हटिया उत्तर तर्फको गिलेशन सरजुग नायक समेत ७ जना | ९७,५९३.९१ |
| हटिया पश्चिम तर्फको गिलेशन भुवनेश्वर साह समेत २९ जना | २१७,३३५.०९ |
| हटिया विद्यापति भवन तर्फको गिलेशन मो. जहिर आलम समेत १२ जना | १३०,५५४.२२ |
| लेखनाथ आदर्श पुस्तकालय सो दक्षिण गिलेशन मो. जाकिर हुसेन भरत प्रसाद राउत | ७०,९०३.०८ |
| कम्पाउण्ड भित्रको गिलेशन लक्ष्मण प्रसाद साह समेत ९ जना | ३०९,०३०.३४ |
| कम्पाउण्ड दक्षिण तर्फको गिलेशन नितु सिंह समेत ४ जना | ८०,२५४.८५ |
| लेखनाथ आदर्श पुस्तकालय भित्रको गिलेशन वाल किशोर यादव समेत १० जना | २१५,०५०.०० |
| कम्पाउण्डको पहिलो तल्लाको गिलेशन सुधिर कुमार कर्ण समेत ६ जना | १८,०००.०० |
| **जम्मा** | १,२७५,३४५.२८ |

२४. **मोटरसाइकल खरिदः** सार्वजनिक खरिद निमवाली २०७४ को नियम ९ र ११ अनुसार सार्वजनिक रसिद अनुगमन कार्यालयले निर्धारण गरेको कुराहरुको समेत मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नु पर्ने र नियम ८५ अनुसार रु.५ लाख सम्म सोझै रसिद नियम ८४ अनुसार रु.२० लाख सम्म भए सिलबन्दी दर भाउ पत्र र नियम ३१ अनुसार रु.२० लाख भन्दा बढी लागत अनुमान भएमा बोलपत्रको मध्यम बाट खरिद गर्नु पर्ने व्यवस्था छ ।

कार्यालयले यो वर्ष १३ वटा मोटरसाइकलको लागत अनुमान नै तयार नगदी खरिद नियमावलीको नियम ३१ (ख) को बिधि उल्लेख गरेर ७ दिने सुचना कृष्णा राष्ट्रिय दैनिकमा प्रकाशन गरि क्याटलग वा ब्रोसर मात्र मांग गरि मूल्य प्रतिस्पर्धा नै नगराई खरिद गरेको देखियो कार्यालयले उल्लेख गरेको नियम ३१(ख) मा हेभी इक्विपमेन्ट, सवारी साधन, औजार, मेसिनरी उपकरण, एक्स रे वा एमआरआई जस्ता स्वस्थ सेवाकोलागी आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसमानहरु उत्पादक कम्पनि वा त्यस्तो अधिकारिक विक्रेता बाट कम्तिमा ७ देखि १५ दिन सम्मको सुचना दिइ प्रतिस्पर्धा गराई तोकिएको मूल्य र सुबिधा मध्ये मुल्यछुट हुनसक्ने आर्थिक प्रस्ताव मांगगरी खरिद गर्ने व्यवस्था छ | स्वास्थ सेवाको उपचारजन्य सवारी साधन (एम्बुलेन्स आदि जस्ता) को खरिद व्यवस्था लाई अपव्याख्या गरी कार्यालयले देहाय अनुसार २ वाट विक्रेतावाट १३ वटा मोटरसाइकल र त्यसको सामानहरु रु.३१०५३०९/०५ मा खरिद गरेको देखियो सो मध्य अटोमोबाइल एंड इलेक्ट्रोनिक ससरी प्रा.लि.को बिल नं.२९१ वाट १८० सी.सी.को मोटरसाइकल खरीद सूचना प्रकाशन पुर्व २०७४/७/३० मा नै रु.२५२९००/- मा खरिद गरेकोमा विजक मिति सच्याई २०७५/३/२२ मा जारी देखाएको छ |

यस वाट प्रतिस्पर्धात्मक खरिद मूल्य नियमावलीको अनुसरणमा अपर परेको छ | अतः प्रतिस्पर्धा वगेर एवं विजक मुल्यको मिति नै सच्याई खरिद समेत गरेकोले नियमानुसार नदेखिएको रु. ३१,०५,३०९।०५

| आपुर्तक | मोटरसाइकलको विवरण | विल नं. र मिति | शुल्क रु. |
|---|---|---|---|
| अटोमोबाइल एंड इलेक्ट्रो- निक ससरी प्रा.लि. | पल्सर १५० सी.सी. | ९८५-२०७५/३/२२ | २४२८९९/१५ |
| | पल्सर १५० सी.सी. | ९८४-२०७५/३/२२ | २४२८९९/१५ |
| | पल्सर १८० सी.सी. | २९१-२०७४/७/३० | २५२५००/- |
| | पल्सर १८० सी.सी. | ९८६-२०७५/३/२२ | २५४८९९/७५ |
| जगदम्बा ओटो ट्रेड सेन्टर | यामाहा १५० सी.सी. | १२०२-२०७५/३/२४ | २१९९००/- |
| | यामाहा स्कुटर ११३ सी.सी. | १२०१-२०७५/३/२४ | १९६९००/- |
| | यामाहा १५० सी.सी. | १२०५-२०७५/३/२४ | २१९९००/- |
| | यामाहा १५० सी.सी. | १२०३-२०७५/३/२४ | २१९९००/- |
| | यामाहा १५० सी.सी. | १२०४-२०७५/३/२४ | २६५९००/- |
| | यामाहा १५० सी.सी. F२S | १२०६-२०७५/३/२४ | २६९९००/- |
| | यामाहा १५० सी.सी.F२S | १२०७-२०७५/३/२४ | २६९९००/- |
| | यामाहा १५० सी.सी.S२ | १२०८-२०७५/३/२४ | २१९९००/- |

| | | | |
|---|---|---|---|
| | यामाहा १५० सी.सी.<br>हेल्मेट/लेगगार्ड समेत | १२०९-२०७५/३/२४<br>१२००-२०७५/३/२४ | २१९९००/-<br>१६६११/- |
| **जम्मा** | | | ३१,०५,३०९/०५ |

२५. **कार्यसम्पादन जमानतः** सार्वजनिक करिड नियमावली २०६४ को नियम ११० सनुसर कार्यसम्पादन जमानत पेश गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको ढांचामा बाणिज्य बैंक वाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने र कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेखित माल समान आपूर्ति हस्तानान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभुतीको अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व (DLP) को अवधिमा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर सभा हाल समेत र आवास भवन निर्माण कार्यको वाणिज्य बैंक वाट जारी भएको कार्य सम्पादन जमानत देहाय अनुसार नराखी वोल्पत्र जमानतको रुपमा राखेको नगद धरौटी मा पुनः नगद थप गरि काम काज सम्पादन धरौटी राखेको देखियो। | यसवाट नियमावलीको वाणिज्य बैंक वाट जारी भएको बैंक जमानत राख्नु पर्ने अनिवार्य व्यवस्थामा असर परेको छ |

| भौ.नं. र मिति | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम भू.अ.कर वाहेक | नगद जम्मा मिति | रकम रु. |
|---|---|---|---|---|---|
| १६६/२०७५/३/३१ | सभा हल निर्माण | नेसनल निर्माण सेवा | ४३२०३२३/७५ | २०७५/१/५<br>२०७५/३/१३ | १२५०००<br>९१०२४ |
| १६७/२०७५/३/३१ | आवास भवन निर्माण | अनिमेश निर्माण सेवा | २५६४२४९/९२ | २०७५/५/१५<br>२०७५/३/१५ | ६२०००<br>५६२१३ |

२६. **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक १० लाख रु.भन्दा बढी मुल्यको निर्माण काम गर्न निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च पेशागत मुल्य निर्माण कार्यको कुनै मांग हटाउन वा भत्काउन वा खेर भएको सामग्री हटाउन लाग्ने खर्च लगायत कामदार कर्मचारीको चोट पटक वा मृत्यु सम्बन्धि दायित्वको खर्च हरुको त्रुटी सच्याउने अवधि सम्मकोलागि विमा गराउनु पर्ने व्यवस्था छ | कार्यालयले देहायको निर्माण कार्यमा निर्माण अनुसार विमा गराएको छैन | यस वाट निर्माण स्थल मा हुने धर्ना तथा हानी नोक्सानी को जोखिम न्युनिकरणमा असर परेको छ| अतः निर्माण औसर विमा गराई जोखिम न्यूनीकरण गर्नु पर्दछ |

| भौ.नं. र मिति | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नु पर्ने मिति | हाल सम्मको खर्च |
|---|---|---|---|---|---|
| १६६/२०७५/३/३१ | सभा हाल निर्माण | नेसनल निर्माण सेवा | ४३२०३२३/७१ | २०७५/७/१३ | १४०३८२३/३४ |
| १६७/२०७५/३/२१ | आवास भवन निर्माण | अनिमेश निर्माण सेवा | २५६४२४९/९२ | २०७५/७/१५ | १४७७५३०/६३ |

२७. **प्रतिस्पर्धात्मक मूल्य र मिलोमतोः** सार्वजनिक निकायले मालसामान खरिद तथा निर्माण कार्य गराउदा वा मूल्य समेत प्रतिस्पर्धात्मक हुने गरी खरिद गरिनु पर्दछ  सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) मा बोलपत्र दाताले मिलोमतो गरी वोलपत्र दाखिला गरेमा वोलपत्र रद्दहुने छ कार्यालयले आह्वान गरेको देहायको २ निर्माण कार्यमा लागत अनुमानको तुलनामा ०.००९ देखि ०.५६% मांग घटी भएको देखियो यस वाट प्रतिस्पर्धात्मक मूल्य कायम हुने अवस्थामा असर परेको छ अतः प्रतिस्पर्धात्मक मुल्य कायम हुने गरी वोलपत्र को व्यवस्था हुने जरुरि देखिन्छ

| निर्माण कार्य | बोलपत्र विक्री संख्या | बोलपत्र दर्ता संख्या | मूल्यांकनमा कायम संख्या | कैफियत व्यहोरा | लागत अनुमान रु. | कवोल रकम | घटि% |
|---|---|---|---|---|---|---|---|
| सभा हल | १९ | ४ | १ | अन्य ३ ले वोलपत्र जमानत नराखेको एउटाले मात्र नगदी जमानतपत्र राखेको | ४३२०७२३/७४ | ४३२०३२३/७४ | ०.००९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आवास भवन | १५ | २ | २ | - | २५७८८००/६४ | २५६४२४२/९८ | ०.५६ |

२८. **टुक्रापाटी खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ र १० अनुसार सार्वजनिक खरिद तथा खरिद अनुमान कार्यालयले निर्धारण गरेको कुराहरु समेतको अधिनमा रही निर्माण कार्य को लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नियम बमोजिम लागत अनुमान तयार गर्नु पर्ने र नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको लागत अनुमान भएर बोलपत्रको मध्यम वाट नियम ८४ अनुसार २० लाख सम्म भए सिलबन्दी दर भाउपत्र नियम ८५ अनुसार रु.५ लाख नियम ८५९ १ (ख) मा सोझै खरिद गर्न सकिने तर आर्थिक वर्ष मा एकै पटक वा फरक वा पटक पटक गरि सिमा भन्दा बढी रकमको वा एउटी व्यक्ति फर्म कम्पनि वा संस्था वाट एक पटक भन्दा बढी सोझै खरिद नसकिने व्यवस्था छ तर कार्यालयले एउटा काम वा एकै प्रकृतिको निर्माण वा खरिद कार्यालयलाई देहाय अनुसार टुक्रा टुक्रा परि रु.५ लाख भन्दा तथा अन्य कैफियत देहायमा उल्लेख हुन्छ घटिको लागत अनुमान बनाई सोझै निर्माण एवं खरिद गरेको देखियो यस वाट नियमावली कार्यान्वयन एवं प्रतिस्पर्धात्मक खरिद प्रणाली वाट हुने न्यूनतम मुल्यमा निर्माण वा खरिद गर्न सकिने व्यवस्था लाई असर परेको छ यसको कारण नियमावलीको अपव्याख्या गरि एकमुस्ट लागत अनुमान तयार नगरिनु हो अतः एकै प्रकृतिको वा एउटी कार्यालय टुक्रा पारि लागत अनुमान एबं निर्माण गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ साथै देहाय अनुसार लागत अनुमान समेत टुक्रा पारि रु.५ लाखको सिमा जनाई गरेको निर्माण तथा खरिद कार्य सार्वजनिक खरिद नियम अनुसार नदेखिएको रु. ४,३६,७६,७९६।-

| भौचर नं. र मिति | कामको विवरण | खर्च रु. |
|---|---|---|
| ७-२०७५/२/२० | कार्यालय हाट मर्मत सुधार – कृति विल्डर्स हाल मर्मत | ४९९४१७/८३ |
| १०-२०७५/३/३१ | कार्यालयको हल मर्मत – आदर्श नेपाल विल्डर्स | ४९९७१६/४३ |
| १६-२०७५/३/३१ | कार्यालयको हल को जिप्सन जस्तामेड – जय कन्स्ट्रक्सन | ४९८२४५/६३ |
| ४-२०७४/६/१० | कार्यालय भवन निर्माण सुधार – रेहान निर्माण सेवा | ४९८९२८/६९ |
| १९-२०७४/८/८ | कार्यालय भवन फ्लोरिंग कार्य – ओम रंजित कन्स्ट्रक्सन | २९४११६/८८ |
| ७९-२०७५/२/३ | कार्यालय भवन इजलास कक्ष मर्मत सुधार – अमन निर्माण सेवा | ४९८७९८/८२ |
| ८०-२०७५/२/३ | कार्यालय भवन इजलास सलव वीम ढलान – कस्यप कन्स्ट्रक्सन | ८९८८४०/२६ |
| ५७-२०७४/१२/२० | वडा नं.४को नपा माछाहाट निर्माणकार्य-माझी निर्माण सेवा | ४२२८७७/०६ |
| ५८-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार आर के कन्स्ट्रक्सन | ८९७८८४/२६ |
| ५९-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार उदय निर्माण सेवा | ४९८०६४/५९ |
| ६०-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार बद्रीनाथ निर्माण सेवा | ४९७२०६/०४ |
| ६२-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार मल्टी पर्पस कन्स्ट्रक्सन | ४९७४८८/२१ |
| ६३-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार तेकेस्वर कन्स्ट्रक्सन | ४७७७६४/८६ |
| ६४-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार अयोधि निर्माण सेवा | ४९७५२५/३७ |
| ६५-२०७४/१२/२० | ऐ.ऐ. ठेकेदार बिट्टू निर्माण सेवा | ४७५६७३/३७ |
| १५९-२०७५/३/३१ | ऐ.ऐ. ठेकेदार कलि बन्दि कन्स्ट्रक्सन | ४९८८७३/६४ |
| ११५-२०७५/३/३१ | ऐ.ऐ. माछा हाट निर्माण ठेकेदार गयेत्री निर्माण सेवा | ४९७७८७/३८ |
| १५३-२०७५/३/३१ | ऐ.ऐ. माछा हाट निर्माण ठेकेदार समिर निर्माण V सेवा | ४९९००९/७७ |
| १३-२०७५/३/२९ | कम्प्यूटर/प्रिन्टर/ल्यापटप खरिद – एन. सी. टेक प्रा. लि. | ४५७६५०/- |
| १३-२०७५/३/२९ | कम्प्यूटर/प्रिन्टर – कालिका कम्प्यूटर एंड सप्लायर्स | ६७४६१/- |
| १२-२०७५/३/२९ | कम्प्यूटर/प्रिन्टर – सुमनित ट्रेड एंड सप्लायर्स | ७४८८९/- |
| ९८-२०७५/२/३० | कम्प्यूटर/प्रिन्टर (वडा ११) न्यु माइक्रो ल. एंड कम. एंड सप्लायर्स-२ विल | ५१७०३१/५० |
| १००-२०७५/२/३० | कम्प्यूटर/प्रिन्टर टेलिभिजन २ समेत वडा ८ – बि.पी.एम. कम्प्यूटर ईले. | ४९९०६०/- |
| ९९-२०७५/२/३० | कम्प्यूटर/प्रिन्टर मोबाइल समेत वडा ६ – राजदेवी कम्प्यूटर ट्रेडर्स | ४५२३३९/- |
| १०१-२०७५/२/३० | कम्प्यूटर/प्रिन्टर सिसिटिभी क्यामरा सहित वडा ६–भिक्टर कम्प्यूटर प्वाइन्ट | ९८९९९/३० |
| १०२-२०७५/२/३० | कम्प्यूटर/प्रिन्टर इन्भर्टर सहित वडा ५ –साहजा स्टिल फर्निचर- २ विल | १३५६५०/८५ |
| १०३-२०७५/२/३० | „ ल्यापटप –२ प्रिन्टर २ (कार्यालय) –सफर ट्रेड लिंक | ४१३०१५/- |
| ११०-२०७५/३/८ | प्रिन्टर खरिद ३ इन वन – ऋसेश्वर ट्रेडर्स | ३८४२०/- |

| | | |
|---|---|---|
| १११-२०७५/३/८ | टेलिभिजन खरिद कार्यालय – शिवम फर्निचर एंड फर्निसिंग | ६७५००/- |
| १३३-२०७५/३/३१ | ल्यापटप २ थान खरिद - संघर्ष इन्टरप्राइजेज | २३३६८४/- |
| १६३-२०७५/३/३१ | प्रिन्टर ५ थान खरिद – एन.सी.टेक प्रा.लि. | १४२३४६/१० |
| १७८-२०७५/३/३१ | कम्प्यूटर/प्रिन्टर/ल्यापटप – शुभनित ट्रेड एंड सप्लायर्स | ३२३६९९/८० |
| स्थानीय विकास कार्यक्रम ग-५-९ | ४-२०७४/६/४<br>५-२०७४/६/४<br>६-२०७४/६/४<br>७-२०७४/६/४<br>८-२०७४/६/४<br>९-२०७४/६/४<br>१०-२०७४/६/४ | ४९५३२२/०८<br>४८४२३८/०३<br>४८३८५१/३१<br>४७४४११/५८<br>४९७७५७/७७<br>४७३९७६/५७<br>४९३१८१/६१ |
| ४-२०७४/६/४ | सडक मर्मत कार्य वडा १४ ठेकेदार जलपा भगवती कन्स्ट्रक्सन | ४३५८५३/०२ |
| ५-२०७४/६/४ | वडा ८ रुपनी रोड ठेकेदार श्री गणेश कन्स्ट्रक्सन | ४९७३१८/९५ |
| ६-२०७४/६/४ | राजविराज हनुमाननगर रोड ठेकेदार रुवी निर्माण सेवा | ४९७७६८/३४ |
| ७-२०७४/६/४ | सिरहा रोड मदन नगर ठेकेदार छेदी निर्माण सेवा | ४९७७१४/४८ |
| ८-२०७४/६/४ | महावीर मा.वि. बूथ सेन्टर ठेकेदार सिद्धबाबा विल्डर्स | ४८०६१०/२० |
| ९-२०७४/६/४ | वडा ११ नि.मा.वि. फर्षैंठ ठेकेदार न्यु सरोज निर्माण सेवा | ९८९५७/१९ |
| १०-२०७४/६/४ | वडा ९ पम्प नहर नदीमा ठेकेदार मा राजदेवी निर्माण सेवा | ३१५५३२/२५ |
| ११-२०७४/६/४ | वडा १ र १० मा पम्पकेनल ठेकेदार ग्लोवल कन्स्ट्रक्सन | ४९७०००/९० |
| १२-२०७४/६/४ | सखडा रोड बाहिर बालक स्कुल ठेकेदार | ४९८३३०/८३ |
| १३-२०७४/६/४ | प्रदिप सिंह घर छेउ वाटो मर्मत ठेकेदार मधेश निर्माण सेवा | ४९६ ८०३/८५ |
| १४-२०७४/६/४ | वडा नं.१ मा वाटो मर्मत ठेकेदार श्री गणेश सप्लायर्स | ४९७४५५/२३ |
| ७३-२०७५/१/२७ | मालपोत तथा भूमिकर सम्बन्धि सफ्टवेयर र८ वटा वडामा जडान | ४५२०००/- |
| ६४-२०७५/१/२७ | कार्यालयमा एमएमएस सम्पन्धि सफ्टवेयर फोनिक्स सोलुसन | ३८१३७५ |
| ८५-२०७५/१/२७ | मालपोत तथा भूमिकर सम्बन्धि सफ्टवेयर र ८ वटा वडामा जडान | ४५२०००/- |
| १४७-२०७५/३/३१ | वाईफाई जोन सिसिटिभी सर्भिसेज कार्य प्रोटोकल इन्टरनल | ४८५००० |
| ३-२०७४/६/४ | वडा नं.१ मदर्शा देखि पम्प नहर जाने वाटो मर्मत | ४१२६९०/८० |
| २३-२०७४/८/१० | वडा नं.१ र १० सडक समेत सान्तनु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४८४२२०/३९ |
| २४-२०७४/८/१० | वडा नं.१ सडक मर्मत र मन्दिर फिनिशिंग स्वर्ण लातित निर्माण सेवा | ४९७०४६/०२ |
| ४७-२०७४/१२/८ | वडा नं.६ सडक मर्मत मा कुन्ती निर्माण सेवा | ४७९९२३/- |
| ६१-२०७४/१२/२० | वडा नं.८ सडक मर्मत मा जलपा निर्माण सेवा | ४९८६८८/२१ |
| ८१-२०७५/२/३ | वडा नं.८ सडक मर्मत रिशिता विल्डर्स एंड | ४९३४८०/०४ |
| ९१-२०७५/२/१५ | वडा नं.१० सडक मर्मत एल डी कन्स्ट्रक्सन | ४९८७०२/५६ |
| ९४-२०७५/२/२५ | वडा नं.२ सतन मण्डलको घर देखि कपिल कर्णको घर सम्म | ४४७३५०/१३ |
| ११४-२०७५/३/१२ | वडा नं.८ सुनिता साहको घर पुर्व मवेंद्र निर्माण सेवा | ४९४४८१/२८ |
| ११५-२०७५/३/१२ | वडा नं.८ बुधनारायण साहको घर पुर्व रोविन कन्स्ट्रक्सन | ४८७३१०/५७ |
| १२१-२०७५/३/२७ | वडा नं.११ सडक मर्मत सम्भार केडिया निर्माण सेवा | ४९७६१०/६४ |
| १२४-२०७५/३/२७ | वडा नं.७ सडक मर्मत सम्भार नेसनल निर्माण सेवा | ४९७२२८/८९ |
| १४२-२०७५/३/२७ | वडा नं.७ सडक मर्मत सम्भार युनिक बिल्डर्स | ४९८७९७/६४ |
| १५४-२०७५/३/२७ | वडा नं.९ सडक मर्मत सम्भार माटो ह्युमपाईप अमित निर्माण सेवा | ३९७७९९/४० |
| १५८-२०७५/३/२७ | वडा नं.७ सडक मर्मत सम्भार माटो पुर्ने/ नाला निर्माण साइ नेपाल | ४९८०७९/३९ |
| १६०-२०७५/३/२७ | वडा नं.४ सडक मर्मत सम्भार माटो पुर्ने/ईंटा सोलिंग अभिषेक | ४९७५१७/२० |
| १६१-२०७५/३/२७ | वडा नं.२ र ८ सडक मर्मत सुधार धन्दा कन्स्ट्रक्सन | ४९७४९६/३३ |
| १६२-२०७५/३/२७ | बिभिन्न वडा मा मुसहरनिया ग्रावेल सप्लाय प्रियंका ट्रेडर्स एंड सप्लायर्स | ३९९९९८/७८ |
| १७१-२०७५/३/२७ | वडा नं.२ सुरेन्द्र सिंहको घर देखि सनत मण्डलको घर सम्म | ४४७ ८९/११ |
| | सडक बत्ति जडान | |
| २८-२०७४/८/१० | वडा स्तरीय भौतिक पूर्वाधार योजना तथा सडक पत्ती जडान सिर्शक वाट नाज ट्रेडर्सको बिभिन्न ४१ वटा बिल अनुसार खर्च | ३४६३७८९/- |

| | | |
|---|---|---|
| २९-२०७४/८/१० | नाज ट्रेडर्सलाइ भ्याट बिल जारी नगरेको १२ थान विल बाट | ४३१३५/- |
| ३१-२०७४/८/१०<br>३२-२०७४/८/१० | नाज ट्रेडर्स सडक बत्ति खर्च भुक्तानी<br>नाज ट्रेडर्स सडक बत्ति खर्च भुक्तानी | ६४९७५/-<br>९४९५२/४० |
| ३३-२०७४/८/१० | नाज ट्रेडर्स सडक बत्ति खर्च भुक्तानी | ४९९६४२/१० |
| १८०-२०७५/३/३१ | चांद इलेक्ट्रिक -१६ थान बिल वाट खरिद (मु.अ.कर नभएको | ८५४०५/- |
| १८१-२०७५/३/३१ | चांद इलेक्ट्रिक -६ थान बिल वाट खरिद (मु.अ.कर नभएको | २०६४८४/९० |
| १८३-२०७५/३/३१ | ओम सान्ति देव ट्रेडर्स १० थान विल वाट खरिद (मु.अ.कर नभएको) | २२४८४५/१४ |
| **वित्तिय सामानीकरण चालु** | | |
| १५२-२०७४/८/१० | दिप ट्रेडर्स एंड सप्लायर्स वाट ३१ थान विल मार्फत कार्यालय सामग्री फर्निचर को लागी भुक्तानी | ३३११८८७/६२ |
| १५३-२०७४/८/१० | ता ट्रेडर्स एंड सप्लायर्सवाट ३७ थान विल मार्फत कार्यालय सामग्रीको लागी भुक्तानी | २५३१८०४/५० |
| १५४-२०७४/८/१० | एकता अफसेट प्रेसवाट ५ थान विल मार्फत छपाईको लागी भुक्तानी | ४६९६८४/५० |
| १५६-२०७४/८/१० | निखिल फर्निचरवाट ८ थान विल मार्फत फर्निचरको लागी भुक्तानी | ९१४९०४/५० |
| १५७-२०७४/८/१० | मा भगवती सप्लायर्स वाट २१ थान विल मार्फत कार्यालय सामग्रीको लागी भुक्तानी | ३२७९९१/२० |
| **जम्मा** | | **४,३६,७६,७९६** |

**उल्लेखित कारोवारमा थप अन्य कैफियत देहाय अनुसार रहेको छ ।**

(क) भौ.नं.१७८-२०७५/३/३१ वाट कम्प्युटर प्रिन्टर खरिद को आपुर्तक सुभनित ट्रेड एंड सप्लायर्स को करविजक अनुसार प्रोलिंक ब्रान्डको वाईर लेस माउस मु.अ.कर सहित रु.३०५१/- ले २ थानको रु.६१०२/- मा खरिद गरेको मा उक्त माउस मु.अ.कर सहित औसत खुद्र मुल्य रु.९५० रहेको देखिन्छ औसत बजार मुल्य भन्दा ३००% बढीमा खरिद गरेको देखियो । खरिद मुल्य लाई प्रतिस्पर्धी बनाउनु पर्दछ ।

(ख)सडक मर्मत सम्भार कार्य निर्माण व्यवसायहरु मार्फत गराएकोमा सडक को चेनेज नं. उल्लेख गर्ने नगरेको र अधिकांस मा सडक मर्मत स्थान उल्लेख नगरी वडा नं मात्र उल्लेख गरेको ले मर्मत सुधार कार्य दोहरो नपरेको सम्बन्धमा विश्वस्त हुन् सक्ने अवस्था रहेको छैन।

(ग)भौ. नं.३३ -२०७५/३/१० वाट सडक वत्तिहरु खरिद गरेको नाज ट्रेडर्सको मु.अ.कर सहितको विजक नं.३४ मिति २०७४/५/२२ वाट रु.६३०७०९/५० को जिन्सी समान समेत दाखिला गरेकोमा लेखा शाखाको सोझै खरिदको सिमा नाघेकोले खरिदको मूल्य भुक्तानी गर्न नसकिने राय पश्चात रु.१३१०६७/४० को समान फिर्ता देखाई रु.४९९६४२/१० भुक्तानी गरेको छ । तर कर विजक र जिन्सी दाखिला रु.६३०७०९/४० नै रहेको छ । सार्वजनिक खरिद ऐनको व्यवस्था छल्नकै लागी यस्तो कार्य गर्नु हुदैन । यस प्रकारको कार्य नियन्त्रण गरिनु पर्दछ ।

(घ)कार्यालयले खरिद गर्ने CFL र LED चिम तथा ट्युवलाइटमा १ वर्ष सम्मको वारेन्टी रहने हुँदा उक्त अवधिको जलेको वत्ति फिर्ता गर्न सकिन्छ । तर कार्यालयले त्यस्ता वारेन्टीमा खरिद गरेका सडक वत्ति हरुको वारेन्टी सुविधामा वत्ति फिर्ता गर्ने गरेको देखिएन । अतः वत्तिमा पाइने वारेन्टी सुविधाको उपयोग गरी सडक वत्ति खर्च मा मितव्ययिता अपनाउनु पर्ने देखिन्छ ।

२९. **सामाजिक परिक्षण र योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले गरेको खर्चको सुचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेका काम कारवाहीको सम्बन्धमा सार्वजनिक खरीद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम सामाजिक लेखा परिक्षण गर्नु पर्ने, उपनियम ११ मा उपभोता समितिले निर्माण कार्य सम्पन्न गरि सके पछी प्राप्त विवरण तयार गरि पेश गर्नुपर्ने, उपनियम १२ मा निर्माण कार्य सम्पन्न भए

पछी सार्वजनिक निकायले सो को रेख देख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाइ नै हस्तान्तरण गर्नु पर्ने र उपनियम १५ मा हस्तान्तरित आयोजनाको सेवा उपभोग गरे वापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोकेर कोष खडा गरि सो कोष वाट त्यस्तो निर्णय कार्य संचालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवस्था रहेको छ ।

कार्यालयले सडक वोर्ड मर्मत सम्भार कोष, पुँजीगत बजेट समेत आन्तरिक श्रोत वाट उपभोक्ता समिति मार्फत देहाय का कार्य हरु गरेको देखियो । तर उपभोका समति मार्फत सम्पन्न गरेको कार्य हरु नियमवालिको व्यवस्था अनुरुप खर्चको सुचना टाँस सामाजिक लेखापरिक्षण, निकायवाट प्राप्त रकम, जनसहभागीको श्रम,नगद,जिन्सीसमेत कुल खर्च विवरण आयोजना हस्तान्तरण र लाभग्राही समुदायको जिम्मेवारी एवं मर्मत सम्भार गर्ने कोष स्थापना गराउने गरेको देखिएन । केहिमा सार्वजनिक परिक्षण प्रतिवेदन रहेकोमा पनि खर्च विवरण उपस्थित व्यक्तिहरुको प्रतिक्रिया तथ्का सुझाव खण्ड खाली रहेको केहीमा २०/२२ जना सहभागी रहेको विवरण भए पनि सो पुस्टियाई गर्ने फोटो प्रमाण हरु छैनन । यस वाट कामको गुनास्तारता खर्चको पारदर्शिता र सम्पन्न आयोजनाको उपयोगको निरन्तरता मा असर परेको छ । यस कारण नियमावलीको अनुसरण नगरिनु हो । अतः नियमावलीको अनुसरण गरि खर्च को पारदर्शिता कामको गुणस्तर र सम्पादित आयोजना लाभग्राही समुदायलाई हस्तान्तरण गराई आयोजनाको निरन्तरता एवं प्रभावकारी बनाइनु पर्दछ ।

| सडक बोर्ड मर्मत सम्भार कोषतर्फ | | |
|---|---|---|
| **भौ.नं. मिति** | **कामको विवरण/फर्मको नाम** | **रकम** |
| ४-२०७४/६/१० | खरसाल स्कुल देखि बनहा सडक मर्मत सम्भार उपभोक्ता समिति | ७०५७८२/८० |
| ५-२०७४/६/१० | हनुमान मन्दिर जितन यादव को घर हुँदै जाने सडक निर्माण उ स | ७१७६१४/८५ |
| ६-२०७४/६/१० | के वि गोदाम हुँदै पुर्व जाने सडक मर्मत सम्भार कार्य उ स | ७१३७४ |
| ७-२०७४/६/१० | मदन नगर सडक मर्मत सम्भार उपभोक्ता समिति | ७००७८ |
| ८-२०७४/६/१० | कंचनपुर रोड देखि चौधरी पोखरी सम्मको सडक निर्माण उ स | ७०९८९ |
| ९-२०७४/६/१० | पुरनी पोखरी लिंक रोड निर्माण उपभोक्ता समिति | ७३३८२ |
| १०-२०७४/६/१० | यमुनानंद पथ मर्मत सुधार उपभोक्ता समिति | ७१६१४ |
| ११-२०७४/६/१० | तेतरी गाछी सडक मर्मत सम्भार उपभोक्ता समिति | ७०२३७४ |
| १२-२०७४/६/१० | स्वर्ण दिप लिंक रोड मर्मत सम्भार उपभोक्ता समिति | ७१८६७ |
| १३-२०७५/३/११ | महेन्द्र प्रसादको घरको वाटो मर्मत सुधार उपभोक्ता समिति | २१७२१ |
| **पुंजीगत खर्च** | | |
| ७७-२०७५/१/२७ | नेपाल पत्रकार महा संघ सेड निर्माण कार्य | २०००००/०० |
| १०५-२०७५/३/१ | वार्ड नं८ ओम सान्ति भवनमा हाल निर्माण कार्य | १०९९८९०/४९ |

३०. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार १ करोड रु.सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभ ग्राही समुदाय वाट गराउन वा प्राप्त गर्न सक्ने, उपनियम ६ मा उपभोक्ता समित वा लाभ ग्राही समुदायले हरेक कस्ताको कामको प्राविधिक मुल्यांकन विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठक वाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने, प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने, आफुले गरेका काम कारवाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकिएको प्रक्रिया र समयावधी भित्र सामाजिक लेखा परिक्षण गराउनु पर्ने, उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदाय बाट संचालित हुने निर्माण कार्य मा लोडर एस्काभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्यूटर, विटुमिन व्याईलर जस्ता हेवी इक्युप्मेंट प्रयोग गर्न नसकिने, हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरिने, उपनियम १३ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी लाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा

लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरि त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यव्याय लाई कालो सुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने व्यवस्था छ उपभोक्ता समिति द्वारा कामको सम्बन्धमा निम्नानुसार देखियो ।

३१. **ग-५-९स्तानिय विकाश कार्यक्रम तर्फः** खर्साल उपभोक्ता समिति मार्फत वडा नं.६ मा सडक निर्माण कार्य गरेवापत उक्त काममा लागेको पेश्की फछ्र्योट समेत जम्मा रु.४३२२५०५/२५ भुक्तानी भएको छ । उपभोक्ता समितिले कार्यालयलाई पेश गरेको बिल भरपाई अध्यन गर्दा निम्न अनुसार खर्च गरेको देखियो ।

| भुक्तानी प्राप्त गर्ने फर्म/व्यवसाय | कामको विवरण | रकम भुक्तानी (जम्मा) | छुट भएको कर |
|---|---|---|---|
| विना हार्डवेयर स्टोर | डण्डी रड सिमेन्ट तार काँटी | १८२६०२३/५० | ०/०० |
| बाबा धर्मराज ईंटा उद्योग | १ नं. ईट्टा | १३९६६८०.०० | ०/०० |
| ठेकेदार बद्रीनारायण यादव | ९०० लेवरको रकम | ४५००००.०० | ४५००.०० |
| ठेकेदार बद्रीनारायण यादव | ६०० मिस्त्रीको रकम | ५६०००.०० | ५६००.०० |
| स्याम नारायण मलेठ १ | ढुवानी वापत ट्रक मार्फत ना २ ख ९०३२ | ३०००००.०० | ३००००.०० |
| स्याम नारायण यादव | ढुवानी वापत ट्रक मार्फत ना २ ख ९०३२ | ११४००००.०० | १४०००.०० |
| स्याम नारायण यादव | ढुवानी वापत ट्रक मार्फत ना २ ख ८९६६ | १२०००००.०० | १२००००.०० |
| ठेकेदार बद्रीनारायण यादव | मिक्स्चर भाडामा | २०००००.०० | २००००.०० |
| तिलक कन्स्ट्रक्सन प्रा.लि. | जेसिबी भाडमा | ४००००.०० | ४००००.०० |
| अग्नि इन्टर प्राईजेज प्रा.लि. | ना२त १५५६ भाडमा | ३००००.०० | ३०००.०० |

(क)उक्त विल भरपाई विशलेषण गन्दा उपभोक्ता समिति ले सम्पूर्ण कार्य व्यक्ति फर्म तथा निर्माण व्यवसाय मार्फत कार्य गराएको देखिन्छ । ठेकेदार बद्रिनारायण यादवले एकमुष्ट लेवर तथा मिस्त्री बापतको रकम बुझेकोमा लेवर तथा मिस्त्री लाई विवरण गरेको भरपाई देखिएन । साथै उक्त काममा तिलक कन्स्ट्रक्सन प्रा.लि. लाइ जेसिवी भाडा वापत भुक्तानी गरेको देखिदा जेसिवी प्रयोग गर्न नपाईने व्यवस्था भएकोमा जेसिविको प्रयोग गरेको देखिन्छ । कार्यालयले ऐन मा व्यवस्था भए बमोजिम उपभोक्ता समिति संग सम्झौता रद्द गरि भविष्यमा कुनै पनि काम गर्न न दिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसाय लाई कालो सुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नु परेमा सो न गरि गरिएको उक्त भुक्तानी नियम संगत नदेखिएको रु.

४३२२५०५/२५

(ख) आयकर ऐन २०५८ को दफा ८८ बमोजिम वासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज प्राकृतिक श्रोत, भाडा रोयल्टी सेवा सुल्क, कमिसन वा विक्री वोनस र अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५% का दर ले कर कट्टी गर्नुपर्ने तर मुख्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा सुल्कमा भुक्तानी रकमको १.५% का दरले बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको भाडा भुक्तानी गरेकोमा १०% क दरले अग्रिम आयकर कट्टा गरि दाखिला गर्नु पर्ने व्यवस्था छ । तर यस कार्यालयले माथि उल्लेख भए बमोजिम ढुवानी तथा भाडा वापत को रकम भुक्तानी गर्दा १०% ले हुने रु.३२७००० असुल गरी दाखिला हुनुपर्छ । ३२७०००/-

<table>
<tr><td></td><td>(ग) त्यस्तै गरेर आयकर ऐन को दफा ८७ बमोजिमको ठेकेदार बद्रि नारायण यादवले बुझेको लेवर तथा मिस्त्री खर्च वापतको रकम रु.१०१००००/- को १% ले हुने सामाजिक सुरक्षा कर असुल दखल गर्नु पर्ने रु.</td><td>१०१००/-</td></tr>
<tr><td>३२.</td><td>सामाजिक सुरक्षा भत्ता वितरणः सामाजिक सुरक्षा कार्यविधि २०७४ को दफा १५(ङ)(ई) अनुसार सामाजिक सुरक्षा वापतको रकम पहिलो चौमासिकमा कार्तिक मसान्त सम्म, दोस्रो चौमासिकमा चैत्र मसान्त सम्म र तेस्रो असाढ २० सम्म सम्बन्धित लाभग्राही हरु लाइ भुक्तानी गरि सक्नु पर्ने व्यवस्था छ । तर यस नगरपालिका वाट दोस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता अषाढ अन्तिममा बैंक पठाएको पाइयो । जसले गर्दा कार्यविधिमा व्यवस्था भए बमोजिम कानुनको परिपालन नहुँदा लाभग्राही समयमै लाभान्वित नहुने हुन् । अतः सामाजिक सुरक्षा कार्यविधिमा भएको व्यवस्था बमोजिम सामाजिक सुरक्षा भत्ता समयमै वितरण गरिनु पर्दछ । उदाहरणार्थ दोस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरणका लागी ढिलागरी पेश्की तथा बैंकमा पठाएको र तेश्रो निकासा यो वर्ष पठाएको देखिएन । अत तोकिएको समयमा निकासा दिने व्यवस्था गर्नु पर्ने देहायको पेश्की बाँकी फछर्यौट गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.र मिति</th><th>वडा नं.</th><th>बैंक/व्यक्ति</th><th>रकम</th></tr>
<tr><td>२७-२०७५/३/०५</td><td>११ र १६</td><td>सनराईज बैंक</td><td>३०३३६००/-</td></tr>
<tr><td>२८-२०७५/३/०५</td><td>१४</td><td>सानिमा बैंक</td><td>१०३५२००/-</td></tr>
<tr><td>२९-२०७५/३/१०</td><td>१३ र १५</td><td>सेन्चुरी कमर्सियल बैंक</td><td>२८०८०००/-</td></tr>
<tr><td>३०-२०७५/३/३१</td><td>१२</td><td>बाल पोषणको लागि</td><td>१४६००००/-</td></tr>
<tr><td>३०-२०७५/३/१०</td><td>१ र ८</td><td>क.अ.अध्यक्ष अजयकुमार साह</td><td>३३२०००/-</td></tr>
<tr><td>३२-२०७५/३/२९</td><td>१४</td><td>वडा सचिव धेत नारायण यादव</td><td>८१२००/-</td></tr>
<tr><td>३३-२०७५/३/२९</td><td>९</td><td>सचिव भागवत यादव</td><td>८३२००/-</td></tr>
<tr><td>३४-२०७५/३/२९</td><td>११</td><td>सचिव हरि नारायण यादव</td><td>८६४००/-</td></tr>
<tr><td>३५-२०७५/३/२२</td><td>१६</td><td>सचिव दिनेश प्रसाद यादव</td><td>११२०००/-</td></tr>
<tr><td>३६-२०७५/३/२६</td><td>१५</td><td>सचिव पशुपति कुमार चौधरी</td><td>३२०००/-</td></tr>
<tr><td>३७-२०७५/३/२६</td><td>१२</td><td>सचिव तरुण कुमार यादव</td><td>१८१०००/-</td></tr>
<tr><td>३८-२०७५/३/२६</td><td>१३</td><td>सचिव बैजु कुमार देव</td><td>५२४००/-</td></tr>
<tr><td>४०-२०७५/३/२८</td><td>१०</td><td>मोहम्मद आलम खान</td><td>५६२०००/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९८५९०००/-</td></tr>
</table></td><td>९८,५९,०००/-</td></tr>
<tr><td>३३.</td><td>स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगरप्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>कर्मचारी व्यवस्था : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ८६ रहेपनि स्थायी पदपूर्ति ८२ मात्र भई ४ पद रिक्त रहेका छन । कार्यरतमध्ये ४० जना करारमा राखि कार्य संचालन गरिएको छ । रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन । आवश्यक पदहरु पदपूर्ति गर्ने पहल गर्नु पर्ने देखिन्छ । | |
| ३५. | **पदाधिकारी तथा सदस्यहरुको सुविधाः** प्रदेश नं.२ को प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ४ अनुसार मासिक सुविधा पाउने पदाधिकरीहरुलाई स्थानीय तहका सभा वा कुनै समिति वा उपसमितिको बैठकको कुनै पनि भत्ता दिन मिल्ने व्यवस्था छैन । तर कार्यालयले देहाय अनुसार पदाधिकरिहरुलाइ विभिन्न समितिमा रहेर अनुगमन तथा बैठक गरेको भत्ता वितरण गरेको देखियो । यस वाट ऐन को व्यवस्था अनुसरणमा असर परेको छ । अतः उक्त रकम असुल गरि राजस्व खातामा दाखिला गरिनु पर्ने देखिएको रु. | ३७,५७,८५०।० |

| खर्च शिर्षक | भौ.नं.र मिति | भुक्तानी पाउनेको नाम/खर्च विवरण | खर्च | करकट्टी | रकम भुक्तानी |
|---|---|---|---|---|---|
| बहु क्षेत्रीय पोषण कार्यक्रम | ६-२०७५/३/३१ | प्रमुख/उपप्रमुख/१६ वडा अध्यक्षको २०७५/३/२१ को पोषण तथा खाद्य सुरक्षा निर्णायक समितिको बैठक भत्ता | ५४०००/- | ८१०० | ४५९०० |
| | | २०७५/३/२७ को ३ नं.वडा अध्यक्ष श्री सुदर्शन प्रसाद सिंह र ११ वडाका संजय कुमार यादवको बैठक भत्ता रु. | ४०००/- | ६०० | ३४०० |
| | | २०७५/३/२८ को श्री सुदर्शन प्रसाद सिंह र ९ नं. वडा अध्यक्ष सम्भु प्रसाद यादव को बैठक भत्ता रु. | ४०००/- | ६०० | ३४०० |
| | | २०७५/३/२९ को श्री सुदर्शन प्रसाद सिंह र १२ नं. का श्री हरिहर यादव को बैठक भत्ता रु. | ४०००/- | ६०० | ३४०० |
| | | २०७५/३/३० को प्रमुख,उपप्रमुख र वडा नं. ९,१०,११ अध्यक्षहरु श्री शम्भु प्रसाद यादव, श्री सुशील कुमार दास र श्री संजय कुमार यादवको बैठक भत्ता रु. | ५०००/- | ७५० | ४२५० |
| | | २०७५/३/२५ को प्रमुख,उपप्रमुख १६ वटा अध्यक्ष र ८ कार्यपालिका सदस्य समेत २६ जनाको बैठक भत्ता रु. | ३९०००/- | ५८५० | ३३१५० |
| | ७-२०७५/३/३१ | प्रमुख,उपप्रमुख र ३ नं. वडाका अध्यक्ष श्री सुदर्शन प्रसाद सिंह समेत ३ जनाको २ दिनको अनुगमन भत्ता रु. | ६०००/- | ९०० | ५१०० |
| पुंजीगत खर्च | ४१-२०७४/१२/७ | नगर प्रमुख श्री शम्भु प्रसाद यादवलाइ लामखुट्टेको औषधि छर्ने कार्य को १० दिनको अनुगमन भात्ता रु. | १५०००/- | २२५० | १२७५० |
| | | उप प्रमुख श्री साधना झा को ऐ ऐ ६ दिनको भत्ता रु. | ९०००/- | १३५० | ७६५० |
| | | वडा नं.१ को सुदर्शन प्रसाद सिंह समेत सबै १६ जना वडा अध्यक्षहरुको ऐ. ऐ.अनुगमन भत्ता रु. | २४०००/- | ३६०० | २०४०० |
| | ५२-२०७४/१२/१४ | नगर प्रमुख श्री शम्भु प्रसाद यादवको ३ दिनको बैठक भत्ता रु. | ४५०० | ६७५ | ३८२५ |
| | ८२-२०७५/२/३ | नगर प्रमुख श्री शम्भु प्रसाद यादव र उप प्रमुख श्री साधना झाको बैठक भत्ता रु. | ३००० | ४५० | २५५० |
| | ९०-२०७५/२/११ | नगर प्रमुख श्री शम्भु प्रसाद यादवको बैठक भत्ता रु. | १५०० | २२५ | १२७५ |
| | १२६-२०७५/३/२८ | नगर प्रमुख श्री शम्भु प्रसाद यादवको बैठक भत्ता रु. | १५०० | २२५ | १२७५ |
| वित्तीय समानीकरण | ३१८-२०७५/२/२८ | नगर प्रमुख सम्भु प्रसाद यादव सहित २६ पदाधिकारीले /८बैठक संख्या १५०० का दरले | ३१२००० | ४६८०० | २६५२०० |
| | ३६७-२०७५/३/२४ | दोस्रो नगर सभा संचालनमा नगर प्रमुख सहित ८३ जनाले ३ दिनका भत्ता १५०० को दरले | ४८६००० | ७२९०० | ४१३१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण | २०६-२०७४/१०/२६ | उप प्रमुख साधना झा सहित ९ पदाधिकारीको २ पटकको भत्ता | २७००० | ४०५० | २२९५० |
| | १८९-०७४/१०/२२ | नगर प्रमुख श्री शम्भु प्रसाद यादव सहित २६ पदाधिकारीले ९ पटकको भत्ता १५०० को दरले (नगर कार्य पालिकाको बैठक) | ३५१००० | ५२६५० | २९८३५० |
| | १८९-०७४/१०/२२ | उप प्रमुख साधना झा सतित ३३ जना १ पटक (राजस्व परामर्श समिति बैठक) | ६००० | ९०० | ५१०० |
| | १८९-०७४/१०/२२ | संयोजक सुदर्शन प्रसाद सिंह सहित ६ जना १ पटक (सामाजिक विकाश समिति बैठक) | १०५०० | १५७५ | ८९२५ |
| | १८९-०७४/१०/२२ | संयोजक संजय कुमार यादव सहित ६ जना १ पटक (आर्थिक विकाश समिति बैठक) | ९००० | १३५० | ७६५० |
| | १८९-०७४/१०/२२ | संयोजक बचाई दास सहित ७ जना १ पटक (सामाजिक तथा विपद व्यवस्थापन समिति बैठक) | १०५०० | १५७५ | ८९२५ |
| | १८९-०७४/१०/२२ | संयोजक अरुण कुमार यादव सहित ७ जना १ पटक (पूर्वाधार विकाश समिति बैठक) | १०५०० | १५७५ | ८९२५ |
| | १८९-०७४/१०/२२ | संयोजक चन्द्र सेखर चौधरी सहित ७ जना १ पटक (सार्वजनिक सेवा तथा क्षमता विकास समिति बैठक) | १०५०० | १५७५ | ८९२५ |
| | १८९-०७४/१०/२२ | नगर प्रमुख श्री शम्भु प्रसाद यादव सहित ६ पदाधिकारीले ३ पटक (श्रोत अनुमान समिति बैठक) | २७००० | ४०५० | २२९५० |
| | २४५-०७४/१२/१४ | नगर प्रमुख शम्भु प्रसाद यादव सहित ८५ पदाधिकारीले ३ पटक (प्रथम नगर सभा बैठक भत्ता) | ४,५०,००० | ६७५०० | ३८२५०० |
| | ४-०७४/१०/२२ | वडा नं २ अध्यक्ष अरुण कुमार यादव सहित ५ जना १२ पटक (वडा समिति बैठक) | ९०००० | १३५०० | ७६५०० |
| | ७-०७४/१०/२९ | वडा १६ अध्यक्ष बुचाई दास सहित ५ जना १२ बैठकको (वडा समितिको बैठक) | ९०००० | १३५०० | ७६५०० |
| | १८-२०७४/१२/५ | वडा १० अध्यक्ष शुशील कुमार दास समेत १२ पटक तथा मो. ओकिल ५ पटक ५१५०० (भरपाई नभएको) वडा समितिको बैठक | ९७५०० | १४६२५ | ८२८७५ |
| | १९/२०७४/१२/२० | वडा ४ अध्यक्ष श्री मो. अख्तर अली समेत ५ जना ८ बैठक (वडा समिति बैठक) | ६०००० | ९००० | ५१००० |
| | २०/२०७५/०१/२७ | वडा १६ अध्यक्ष बचाई दास समेत ५ जना ७ पटक रु १५०० दरले ५ जना | ५२५०० | ७८७५ | ४४६२५ |
| | २१/२०७५/०१/२७ | वडा १० अध्यक्ष शुशील कुमार दास समेत ५ जना ९ पटक १५०० दरले ५ | ६७५०० | १०१२५ | ५७३७५ |
| वित्तीय समानीकरण वडा सञ्चालन खर्च | २३/०७५/३/४ | वडा नं. ७ अध्यक्ष मांगी लाल नाई समेत ६ जना १९ पटक १५०० दरले ६ जना | १७१००० | २५६५० | १४५३५० |
| | २४/०७५/३/४ | वडा नं. ८ अध्यक्ष जय नारायण मण्डल समेत ५ जना २१ पटक १५०० दरले ५ जना | १५७५०० | २३६२५ | १३३८७५ |
| | २८/०७५/३/१० | वडा नं. ५ अध्यक्ष समीर कुमार झा समेत ५ जना २७ पटक १५०० दरले ५ जना | २०२५०० | ३०३७५ | १७२१२५ |
| | २९/०७५/३/२० | वडा नं. १० अध्यक्ष शुशील कुमार दास समेत ५ जना ३ पटक १५०० दरले ५ जना | २२५०० | ३३७५ | १९१२५ |
| | ३०/०७५/३/२० | वडा नं. १३ अध्यक्ष राजेन्द्र प्रसाद यादव समेत ५ जना २१ पटक १५०० | १५७५०० | २३६२५ | १३३८७५ |
| | ३१/०७५/३/२० | वडा नं. ३ अध्यक्ष सुदर्शन प्रसाद सिंह समेत ५ जना ११ पटक १५०० | ८२५०० | १२३७५ | ७०१२५ |
| | ३२/२०७५/३/२७ | वडा नं. १२ अध्यक्ष हरिहर यादव समेत ५ जना को १५ पटक १५०० | ११२५०० | १६८७५ | ९५६२५ |
| | ३३/२०७५/३/२७ | वडा नं.२ अध्यक्ष अरुण कुमार यादव समेत ३ जना ७ पटक १५०० | ३१५०० | ४७२५ | २६७७५ |
| | ३४/२०७५/३/२७ | वडा नं. १२ अध्यक्ष हरिहर प्रसाद यादव समेत ५ जना १२ पटक १५०० | ९०००० | १३५०० | ७६५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३५/२०७५/ ३/२८ | वडा नं. ६ अध्यक्ष प्रेम कुमार यादव समेत ५ जना २७ पटक १५०० | २०२५०० | ३०३७५ | १७२१२५ |
| | ३६/२०७५/ ३/२८ | वडा नं. ९ अध्यक्ष शम्भु प्रसाद यादव समेत ५ जना २५ पटक १५०० | १८७५०० | २८१२५ | १५९३७५ |
| | ४२/२०७५/ ३/२८ | वडा नं. १४ अध्यक्ष शोभा लाल मण्डल समेत ५ जना ३० पटक १५०० | २२५००० | ३३७५० | १९१२५० |
| | ४३/२०७५/ ३/२९ | वडा नं. ३ अध्यक्ष सुदर्शन प्रसाद सिंह समेत ५ जना १२ पटक १५०० | ९०००० | १३५०० | ७६५०० |
| | ४४/२०७५/ ३/२९ | वडा नं. १६ अध्यक्ष बचाई दास समेत ५ जना मध्ये सिता मण्डल बैठक संख्या ७ र उस्मान मियाँ बैठक संख्या ८ आयको ९ पटक | ६३००० | ९४५० | ५३५५० |
| | ४५/२०७५/ ३/२९ | वडा नं. १५ अध्यक्ष राम प्रसाद यादव समेत ४ जना १२ पटक १५०० | ७२००० | १०८०० | ६१२०० |
| | ४६/२०७५/ ३/२९ | वडा नं. ५ अध्यक्ष समीर कुमार झा समेत ५ जना ६ पटक १५०० | ४५००० | ६७५० | ३८२५० |
| | ४७/२०७५/ ३/३१ | वडा नं. १३ अध्यक्ष राजेन्द्र प्रसाद यादव समेत ५ जना ६ पटक १५०० | ४५००० | ६७५० | ३८२५० |
| | ४९/२०७५/ ३/३१ | वडा नं. ११ अध्यक्ष संजय कुमार यादव समेत ५ जना २७ पटक १५०० | २०२५०० | ३०३७५ | १७२१२५ |
| | | कुल | | | ३७५७८५०/- |

३६. **आवास भाडा (भुक्तानी):** यस नगरपालिकाको कार्यकारी अधिकृतको आवास सुविधाको लागि वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रम २०७४/७५ को निर्णय नं. ४.८३ अनुसार २०७४ माघ महिना देखि रू. ७०००/- का दरले र २०७४/७५ पुष सम्मका लागि आ.व.२०७०/७१ बजेट, नीति, कार्यक्रमको निर्णय नं. ७.६९ को व्यवस्था बमोजिम मासिक रू. ६००० प्रति महिना नबढ्ने गरि भाडामा लिने तथा प्रति वर्ष १० प्रतिशतका दरले भाडा वृद्धि गर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतको आवासको भाडा मासिक औसत रू. १५,०६०/- वार्षिक रू. १,८०,७२०/- समेत रू. २१,४७,५२०/- थप व्यय भार परेको छ । आन्तरिक स्रोतले ननाघ्ने गरी नेपाल सरकारले निर्धारण गरेभन्दा बढी सुविधा प्रदान गरी थप व्यय भार पार्ने कार्य नियन्त्रण गरिनुपर्दछ। साथै २०७४ श्रावण देखि पौष सम्मका लागि मासिक रू. ७९८६ र माघ देखि असाढ सम्म ७००० का दरले भुक्तानी हुनु पर्नेमा कार्यलयले कार्यकारी अधिकृतको आवास सुविधाको लागि वित्तिय समानीकरण चालु शिर्षकबाट निम्न महिनामा बढी भुक्तानी दिएको रू. ६८५३४/- सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्दछ । ६८,५३४

| गो.भौ. मिति | वार्षिक नीति, योजना बजेट तथा कार्यक्रम अनुसार हुनुपर्ने | भुक्तानी (१०%) भएको करकट्टी गरी | बढी रकम | अवधि महिना | कार्यकारीको नाम |
|---|---|---|---|---|---|
| १६-०७४/५/२७ | १५९७२ | ३०६०० | १४६२८ | श्रावण र भाद्र | उमेशकुमार यादव |
| ११२-२०७४/८/१ | १५९७२ | ३०००० | १४०२८ | असोज र कार्तिक | |
| १३०-०७४/८/१० | ७९८६ | १५०३० | ७०४४ | मङ्सिर महिना | |
| २०९-०७४/११/१४ | १४९८६ | ३००६० | १५०७४ | पौष र माघ | |
| २७८-०७५/१/२० | १४००० | २३७६० | ९७६० | चैत्र र वैशाख | चन्द्र बहादुर कार्की |
| ३५५-०७५/३/१४ | १४००० | २२००० | ८००० | जेष्ठ र असार | |
| **जम्मा** | ८२९१६/- | १५१४५०/- | ६८५३४/- | | |

३७. **कर्मचारी सुविधा:** नेपाल सरकारले गरे अनुसार, निजामती, शिक्षक, सेना तथा शसस्त्र र नेपाल प्रहरी कर्मचारीहरूले तलब भत्ता पाउँछन्।तर स्थानीय तह राजविराज नगरपालिका मातहतमा कर्मचारीहरूलाई अन्तरिक स्रोतको बजेटले ननाघेको अवस्थामा समेत अतिरिक्त थप सुविधा प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रू. ४,०००/–, लेखापाललाई रू. ३,९००/– र अन्य ६५ जना कर्मचारीलाई रू. २,४००/–ले भत्ता विवरण गर्दा नगरपालिकालाई मासिक रू. १,६३,९००/– ले वार्षिक रू. १९,६६,८००/– व्ययभार परेको छ । त्यस्तै २०७५/७६ मा प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्र बहादुर कार्कीलेसमेत श्री लक्ष्मी केसी कार्कीलाई निजि सहायकको रूपमा मासिक रू. २७,९००/– ले २०७५

<table>
<tr><td></td><td>श्रावण देखि असोजसम्म रू. १,०७,२००/- खर्च लेखी व्यय भार बढाएको जानकारी भएको छ । त्यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ । अत यो वर्ष ऐनले दिएको भन्दा बढी सुविधा भुक्तानी गरेको रकम असुल गर्नु पर्ने देखिएको रु</td><td>२१,४७,५२०/-</td></tr>
<tr><td>३८.</td><td>तलबी प्रतिबेदन : स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव भत्ता खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>कर्मचारीलाई मोवाईल सुविधा - कार्यालयको बजेटबाट नीजि प्रयोगका सामानहरु खरिद गरिनु हुदैन । साथै निजामति सेवा ऐन, २०४९ मा नीजि प्रयोगका सामानहरुको सुविधा दिएको समेत देखिएन । कानुनले दिए भन्दा बढी सुविधा प्रयोग गर्नु हुदैन् । कार्यालयको जिन्सी खाता तथा कार्यालयले पेश गरेको जिन्सी सामान उपभोगको विवरण अनुसार मोवाईल सेट तथा टेलिभिजन र फर्निचरहरु खरिद गरि प्रयोग गरेको देखियो । यसरी निजि प्रयोगका मोवाईल तथा टेलिभिजन खरिद गर्ने कार्य तत्काल नियन्त्रण गरि सरकारी बजेटको उचित उपयोग गरिनु पर्ने साथै अन्यत्र निकायमा पठाइएको जिन्सीको हस्तान्तरण फारम अनुसार अभिलेख तयार गरिनु पर्दछ । अतः निजी प्रयोगको सुविधा दिएकोले नियमित नदेखिएको रु
<table>
<tr><th>सि. नं.</th><th>प्रयोगकर्ताको नाम</th><th>मिति</th><th>सामानको विवरण</th><th>सङ्ख्या</th><th>मूल्य रु</th></tr>
<tr><td>१</td><td>राम कुमार यादव– सरसफाई</td><td>२०७४/०५/१६</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>१</td><td>१५,२५५।-</td></tr>
<tr><td>२</td><td>उमेश प्रसाद यादव– वारुण यन्त्र</td><td>२०७४/०५/३०</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>१</td><td>१७,५००।-</td></tr>
<tr><td>३</td><td>ओम प्रकाश साह– वडा नं. ४ सचिव</td><td>२०७४/१२/१९</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>१</td><td>१३,०००।-</td></tr>
<tr><td>४</td><td>रीता साह– वडा नं. १ सचिव</td><td>२०७५/०२/०८</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>१</td><td>२,५०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०७५/०३/३२</td><td>टुटफट भई वा विग्रेर समस्या आएर स्टोरमा जम्मा भएको मोबाइल सेट सङ्ख्या</td><td>७</td><td>७०,७५५।-</td></tr>
</table></td><td>७०,७५५।-</td></tr>
<tr><td>४०.</td><td>पदाधिकारीलाई मोवाईल तथा टेलिभिजन सुविधा - प्रदेश नं.२ प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा प्रकाशित प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार पदाधिकारी तथा सदस्यहरुलाई टेलिभिजन तथा मोवाईल सेट खरिद गर्ने सुविधा दिएको देखिदैन । तर कार्यालयका बजेटबाट गाउँपालिकाका प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षले सरकारी बजेटबाट मोवाईल तथा टेलिभिजन खरिद गरेर नीजि प्रयोग गरेको देखियो । अत देहाय अनुसार पदाधिकारीले मोवाईल तथा टेलिभिजन खरिद गरि प्रयोग गरेको रकम सम्बन्धित प्रयोगकर्ताबाट असुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>सि. नं.</th><th>प्रयोगकर्ताको नाम</th><th>मिति</th><th>सामानको विवरण</th><th>सङ्ख्या</th><th>मूल्य</th></tr>
<tr><td>१</td><td>मो. अख्तर अली –वडा अध्यक्ष (वडा नं. ४)</td><td>२०७४/११/२६</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>१</td><td>१४,०००</td></tr>
<tr><td>२</td><td>प्रेम कुमार यादव (वडा अध्यक्ष)– वडा नं. ६</td><td>२०७५/०२/१७</td><td>ओपो मोबाइल सेट</td><td>१</td><td>४९,४९४</td></tr>
<tr><td>३</td><td>बुचाई दास (वडा अध्यक्ष) र सीता देवी मण्डल (वडा सदस्य)– वडा नं. १६</td><td>२०७५/०३/१५</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>२</td><td>१३,०००</td></tr>
<tr><td>४</td><td>सोभा लाल मण्डल (वडा अध्यक्ष) र कोशीला देवी मण्डल, शान्ति देवी सदा, अभिनन्दन मण्डल र दाना लाल साह (वडा सदस्यहरू) – वडा नं. १४</td><td>२०७५/०३/२२</td><td>माइक्रोम्याक्स मोबाइल सेट</td><td>५</td><td>११६,६१६</td></tr>
<tr><td>५</td><td>उस्मान मियाँ, राम किसुन मण्डल (वडा सदस्यहरू)– वडा नं. १६</td><td>२०७५/०३/२२</td><td>सामसुङ्ग मोबाइल सेट</td><td>२</td><td>१३,०००</td></tr>
<tr><td>६</td><td>जलेश्वरी देवी राम (वडा सदस्य)– वडा नं. १६</td><td>२०७५/०३/२२</td><td>माई हिरो मोबाइल सेट</td><td>१</td><td>१,६००</td></tr>
<tr><td>७</td><td>शम्भु प्रसाद यादव (वडा अध्यक्ष) र रुक्साना</td><td>२०७५/०३/२२</td><td>स्मार्टफोन मोबाइल सेट</td><td>५</td><td>७२,३२०</td></tr>
</table></td><td>४,६६,९९३।-</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | खातुन, रेखा देवी मण्डल, चन्द्र यादव र भुपेन्द्र यादव (वडा सदस्यहरू)– वडा नं. ९ | | | | |
| ८ | राजेन्द्र प्रसाद यादव (वडा अध्यक्ष) र अनिला देवी चौधरी, बुधानी देवी राम, कृष्ण देव यादव र जय नारायण यादव (वडा सदस्यहरू)– वडा नं. १३ | २०७५/०३/२२ | माइक्रोम्याक्स मोबाइल सेट | ५ | ९०,००० |
| ९ | शुशील कुमार दास (वडा अध्यक्ष) र गिरिजा कुमारी यादव र महन्थी यादव (वडा सदस्यहरू)–वडा नं. १० | २०७५/०३/२५ | सामसुङ्ग (एसएम ६४०एफ) मोबाइल सेट | ३ | ३९,८२३ |
| १० | कारो देवी सदा (दलित महिला वडा सदस्य)–वडा नं. १० | २०७५/०३/२५ | सामसुङ्ग मोबाइल सेट ( बि३५ई) | १ | ३,५४० |
| | **जम्मा** | | | | **४,६६,९९३।-** |

४१. **खर्चको प्रमाणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। तर कार्यालयको एलजिसिडिपी खर्च शिर्षकबाट शुभनित ट्रेड एण्ड सप्लायर्सबाट मेसिनरी औजार खर्च (कर दाखिला रू. ९९४/-) लेखेकोमा बिल भरपाई र दाखिला प्रतिवेदन बेगर खर्च लेखेको देखियो । यसबाट खर्चको पारदर्शिता र प्रमाणिकरणमा असर परेको छ। अतः बिल भरपाई बेगर लेखेको खर्च अनियमित देखिएको रू.

७४८८९/-

४२. **पद भार ग्रहण खर्चः** कार्यालयले कार्यालय सञ्चालन लगायतका खर्चहरू गर्दा किफायती तवरले खर्च गरेको हुनुपर्दछ र आर्थिक कार्यविधि ऐन २०५५, सार्वजनिक खरिद ऐन, २०६३ समेतको कानूनले निर्वाचित पदाधिकारीको पदभार ग्रहण कार्यक्रमको लागि बजेट खर्च गर्न मिल्ने देखिदैन। कार्यालयले पदाधिकारीहरूको पदभार ग्रहणको लागि १६वटै वडाका लागि प्रति वडा रू. ४१ हजारका दरले रू. ६,५६,०००/- खर्च लेखेको देखियो। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च नियन्त्रित रूपमा नगरिनु उचित होइन। अतः उक्त खर्च नियमित नदेखिएको रु.

६,५६,०००

४३. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । कार्यलयमा साविकका गाउँ विकास समितितर्फको कर्मचारी कल्याण कोषको मौज्दात राखेको छैन । ऐनले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा त्यस अनुसार रकम जम्मा नगरी वित्तिय समानीकरणको बजेटबाट प्रमुख प्रशासकिय अधिकृतको एकल निर्णयले रु १ करोड ४० लाख कर्मचारी कल्याण कोषमा जम्मा गरि खर्च समेत गरेको देखियो । अत वित्तिय समानीकरणबाट गरेको खर्च नियमित नदेखिएको रु

१,४०,००,०००.

४४. **आकस्मिक लाभ करः** आयकर ऐन, २०५८ को दफा ८८ (क) अनुसार आकस्मिक लाभ तथा पुरस्कारमा २५ प्रतिशत कर काट्नु पर्ने व्यस्था छ। कार्यालयको प्रथम सभामा सम्मान स्वरूप देहाय अनुसार सम्मान वितरण गरेकोमा २५ प्रतिशत कर रू. २१७५०/- कट्टी गरेको देखिएन। अतः आयकर ऐन अनुसार कर कट्टी गर्नुपर्ने देखिएको रू.

२१,७५०

| सि.नं. | नाम ठेगाना | पुरस्कार रु | कर रु |
|---|---|---|---|
| १. | श्री जगम देव - युथ क्लब अध्यक्ष | २१,००० | ५,२५० |
| २. | श्री पुनम साह - राजविराज ७ | ११,००० | २,७५० |
| ३. | श्री सुस्मा यादव- राजविराज ७ | ११,००० | २,७५० |
| ४. | श्री धिरेन्द्र कुमार यादव- राजविराज ७ | ११,००० | २,७५० |
| ५. | श्री लक्ष्मण मेहता- मलेठ | ११,००० | २,७५० |
| ६. | श्री सोमनी देवी मण्डल | ११,००० | २,७५० |
| ७. | श्री रन्जना देवी मेहता | ११,००० | २,७५० |
| | **जम्मा** | ८७,०००/- | २१,७५०/- |

४५. **भाडा करः** आयकर ऐन २०५८ को दफा  अनुसार भाडा वापतको भुक्तानीमा १० प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले  वित्तीय समानीकरण  निम्न गो.भौ. , मितिमा विभिन्न विक्रेतालाई भाडा मार्फत भुक्तानी गर्दा कर कट्टी गरिएको छैन। कर कट्टी नगरिएको रू. ६४२२५/- असुल गरी गर्नु पर्ने रु — ६४,२२५

| गो.भौ. मिति | विक्रेताको नाम | भुक्तानि रु | १० प्रतिशत रू. |
|---|---|---|---|
| ९४,९५-२०७४/७/३० | राज डेकोरेसन राजविराज-१, सप्तरी (पण्डाल निर्माण, डेकोरेसन, बत्ती | २,३५,०००/- | २३,५००/- |
| १११-२०७४/८/०१ | राज डेकोरेसन राजविराज-१, सप्तरी | ७८,०००/- | ७,८००/- |
| २४५-२०७४/१२/१४ | राज डेकोरेसन राजविराज-१, सप्तरी | २,७७,५००/- | २७,७५०/- |
| २५५-०७४/१२/१९ | मुना टेन्ट हाउस, सप्तरी (वडा नं. ४ मा हाट व्यवस्थापन गर्न | १८,०००/- | १,८००/- |
| २७९-०७५/५/१० | मुना टेन्ट हाउस, सप्तरी (वडा नं. ५ को कार्यक्रम | ३३,७५०/- | ३,३७५/- |
| | **जम्मा** | | ६४२२५/- |

४६. **कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८७,८८ र ८९ अनुसार पारिश्रमिकमा कर, पटके भुक्तानीमा १५ प्रतिशत र मू.अ.क. कर सहितको भुक्तानीमा १.५ प्रतिशत कट्टी गर्नुपर्ने व्यवस्था छ। तर कार्यलयले देहाय अनुसार घटी कर काटेको देखिएको छ। यसबाट कर राजस्व असुलीमा असर परेको छ। यसको कारण आयकर ऐनको अनुसरण नगर्नु हो। अतः कर कट्टी नगरेको तथा घटी कर काटेको रकम असुल गर्नुपर्ने रू. — ११०५४४/२५

| खर्च शीर्षक | भौ.नं. र मिति | खर्च तथा भुक्तानी पाउनेको विवरण | भुक्तानी | कर लाग्ने | कर काटेको | घटी कर |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्च | ५-२०७४/६/१० | सरसफाई इन्चार्ज राम कुमार दासले स.१ त. ५१९६ को ड्राइभर दिपेन्द्र साहलाई ढुवानी भाडा भुक्तानीमा १०% कर नकटाएको<br>* को.१ ख. ३५१५ को गाडी चालक उदय श्रेष्ठलाई ग्राभेल ढुवानी भाडामा स.ई. राम कुमारले सो भर्ना गरेकोमा कर नकाटेको | ३००००<br>६०००० | ३०००<br>६००० | -<br>- | ३०००<br>६००० |
| | ६-२०७४/६/१० | विभिन्न वडाहरूको लागि ग्राभेल ढुवानी भाडा स.१ त. ३४८५ को धनि रामशरण मण्डललाई भुक्तानी कर नकटाएको | ६०००० | ६००० | - | ६००० |
| | ७-२०७४/६/१० | वडा नं. १० को सडक मर्मतमा ज. १ क. ४५१ नं, को लोडर भाडा स.ई. राम कुमार दासलाई सोधभर्ना दिँदा कर नकटाएको | १६१०० | १६१० | - | १६१० |
| | ८-२०७४/६/१० | नगरका विभिन्न वडामा ग्राभेल ढुवानी भाडा स.१त. ३४८५ को धनि रामशरण यादवलाई भुक्तानी रकम स.ई. राम कुमार दासलाई सोधभर्ना दिँदा कर नकटाएको | ३२००० | ३२०० | - | ३२०० |
| | ८-२०७४/६/१० | राजदेवी स्कूल जाने बाटो तथा कम्पाउण्डमा माटो ढुवानी भाडा स.१त. २०५९ को धनी नैना देवी यादवलाई भुक्तानी गरेको खर्च  स.ई. राम कुमार दासलाई सोधभर्ना दिएकोमा कर नकटाएको | ३२८०० | ३२८० | - | ३२८० |
| | १२-२०७४/८/८ | वडा नं. ९  को भवनको रङ्गरोगन सामान खरिद मूल्य शिवम् ट्रेडर्स एण्ड सप्लायर्सलाई भुक्तानीमा १.५ प्रतिशत कर नकटाएको | ६१६६१ | ८१९ | - | ८१९ |
| | १३-२०७४/८/८ | वडा नं. १२ को  भवनको रङ्गरोगन सामान खरिद मूल्य ओम साई ट्रेडर्सलाई भुक्तानीमा १.५ प्रतिशत कर नकटाएको | ३४४०९ | ४५७ | - | ४५७ |
| | १५-२०७४/८/८ | * खाडो नदी क्षेत्रमा वा. १ क. ८९२ नं. को जेसिबी लगाएको भाडा वेद प्रकाश यादवलाई भुक्तानी गरेको रकम स. इन्जिनियर केवल दासलाई सोधभर्ना गरेकोमा कर नकटाएको<br>* ना.१क. ६१२५ को गाडी धनी सुरेन्द्र कुमार मण्डललाई ढुवानी भाडा भुक्तानी रकम  स. इन्जिनियर केवल दासलाई सोधभर्ना गरेकोमा कर नकटाएको | २८८००<br>२३३३३ | २८८०<br>२३३३ | -<br>- | २८८०<br>२३३३ |
| | १६-२०७४/ | भालुवाही सडक मर्मत खर्च को.१क. १५९९ को जेसिबी धनि एनेश्वर प्रसाद दासले भुक्तानी रकम स.ई. | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८/८ | सत्यजीव कुमार सिंहलाई सोधभर्ना गरेकोमा कर नकटाएको | १९५५० | १९५५ | - | १९५५ |
| | १२६-२०७५/३/२८ | प.से.प्रा. परमेश्वर यादवको पेश्की फछ्र्योटमा भ्याक्सिनेटरहरू विष्णुदेव यादव, पारशमणि यादव र रामबाबु शर्मालाई भ्याक्सिन लगाएको भत्ता भुक्तानीमा १५% कर कटाउनु पर्नेमा १.५% काटेको | १५००० | २२५० | २२५ | २०२५ |
| | १२६-२०७५/३/२८ | प.से.प्रा. परमेश्वर यादवको पेश्की फछ्र्योटमा भ्याक्सिनेटरहरू विष्णुदेव यादव २७२०, जयप्रकाश ८५९०, रामबाबु शर्मा ११९० समेतको भुक्तानीमा घटी कर काटेको | १२५०० | १८७५ | १८८ | १६८७ |
| | १२८-२०७५/३/२८ | भोरुकवा एफएमलाई सुचना प्रकाशन खर्च भ्याट दर्ता बेगरको भुक्तानीमा कर नकाटेको | २५००० | ३७५० | - | ३७५० |
| | १७३-२०७५-३-३१ | क.अ. श्री मनिष कुमार कर्णलाई २०७४ चैत्र २०७५ अषाढको तलव भुक्तानीमा सामाजिक सुरक्षा कर नकाटेको | ९७१३३ | ९७१ | - | ९७१ |
| | ४१-२०७४/१२/१७ | * मालाथिन विषादी प्रचार प्रसार खर्च प्रतिदिन रू. १००० ले १६ दिनको भुक्तानी गर्दा कर नकटाएकोले दिनेश प्रसाद साहबाट १५% कर असुल गर्ने<br>* नटखट दैनिक पत्रिकालाई दैनिक सूचना प्रकाशन शुल्क भुक्तानीमा १५% कर नकाटेको | १६०००<br><br>६००० | २४००<br><br>९०० | -<br><br>- | २४००<br><br>९०० |
| वित्तीय समानीकरण | १५९-२०-७४/८/१० | उषा प्रिन्टिङ प्रेस, राजविराज ८ थान बिल सहित भुक्तानी | ३०९६५० | ४६४४७.५० | ४६४४.७५ | ४१८०२.७५ |
| | १६०-७४/८/१० | ओम आर्ट राजविराज १२ थान बिल सहित | १६९८३० | २५४७४.५ | - | २५४७४.५ |
| | | **जम्मा** | | | | ११०५४४/- |

४७. **कर विजक** मू.अ. कर नियामावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ बमोजिमको ढाँचामा कर विजक जारि गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न निर्माण व्यवसायी तथा आपूर्तक फर्महरूलाई मू.अ. कर सहित भुक्तानी दिएकोमा रित पूर्वक कर विजक जारि नगरेका कारण सो विजक रकम र कर समायोजन सम्बन्धमा निम्न व्यहोरा देखियो । २२७३३४.८४

(क) निम्न अनुसारको फर्मले विजक केरमेट गरेको देखिएकोले मू.अ. कर समायोजन पेश हुनुपर्ने-

| शीर्षक | गो.भौ./ मिति | निर्माण व्यवसायी | कामको विवरण/ विजक नं. | भुक्तानी (मू.अ.क. वाहेक) | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| स्थानीय विकास कार्यक्रम ग-५-९ | ६/०७४/६/४<br><br>८/०७४/६/४ | राजदेवी कन्स्ट्रकसन राजविराज (६०५०६७८६४)<br>बालाजी निर्माण सेवा सिरहा-१ | मर्मत/ग्राभेल १/२०७४/५/६<br><br>मर्मत/ग्राभेल १/२०७४/५/१४ | ४२८१८७<br><br>४४०४९९.९० | ५५६६४.३१<br><br>५७२६४.१७ | विजकले हातले लेखेको |
| प्रकोप व्यास्थापन ग-५-४ | ११-०७४/६/४ | ग्लोबल कन्स्ट्रक्सन राजविराज (३०११३८२६३) | पम्प केनल बाटो मर्मत १/२०७४/५/२३ | ४३९८२३.८३ | ५७१७७ | विजक प्रति पेश गरेको |
| | १५-०७४/६/१० | गणेश सप्लायर्स मलेठ (३०४३३६०२३) | वडा २ बाटो मर्मत १/२०७४/५/२५ | ४४०२२५.८७ | ५७२२९.३६ | विजकले हातले लेखेको |
| | | जम्मा | | | २२७३३४.८४ | |

(ख) प्रकोप व्यास्थापन बाट मूल्य अभिवृद्धि करमा दर्ता नै नभएको मधेश निर्माण सेवा (३०२७४२९७८) लाई भ्याट बिल नं. १/०७४/५/२३ रकम रू. ४३९६४९.४३ भ्याट बाहेक ५७१५४.४३ गरी जम्मा रू. ४९६८०३.८५ भुक्तानी दिएकोमा भ्याट रकम असुल हुनुपर्ने ५७१५४.४३

| | | |
|---|---|---|
| ४८. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ ⁄ नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । नगरपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना एवं सो को प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी नगर वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । | |
| ४९. | **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । नगरपालीका अन्तर्गतको न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार मेलमिलाप, विवाद निरुपण, घरेलु हिंसा र विविध मुद्दाका २२ उजरी तथा निवेदन परेकोमा क्षेत्राधिकार बाहिरका ५ रिफर गरेको, न्यायी समितिबाट ३ फछ्यौट गरेको तथा १० फैसला हुन बाँकी देखिन्छ । न्यायीक समितिवाट समयमै न्याय सम्पादन गरिनुपर्दछ | |
| ५०. | **जिन्सी निरीक्षण-**आर्थिक कार्यविधि नियमावली नियम ५० कार्यालय प्रमुखले वर्षमा कम्तिमा एक पटक जिन्सी निरीक्षण गरी जिन्सी माल समान के कस्तो अवस्थामा छन् सोको प्रतिवेदन लिखित रुपमा तयार गर्ने वा गर्न लगाउने गर्नु पर्दछ । के कति समान आम्दानी नवान्धिएका छन् के कति मर्मत सम्भार गर्नु पर्छ तथा लिलाम गर्नु पर्ने उल्लेख गर्नुपर्ने व्यवस्था छ । साथै मर्मत गर्नु पर्ने समान ३ महिना भित्र र लिलाम गर्नु पर्ने भए ६ महिना भित्र गरि सक्नु पर्ने व्यवस्था छ । तर यस कार्यालयले जिन्सी निरीक्षण फारम तयार गरी जिन्सीको चालु हालतमा रहेको र नरहेको मात्र उल्लेख गरेको छ । जिन्सी निरीक्षण प्रतिवेदन तयार पारिएको छैन । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार पारि चालु हालतमा नरहेका समान मर्मत र लिलामको नियममा भएको व्यवस्था अनुरुप गर्नु पर्ने देखिन्छ । | |
| ५१. | **जिन्सी हस्तान्तरणः** स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश २०७४ को दफा ७९ मा स्थानीय तह गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका स्थानीय तहमा स्वतः हस्तानतरण र हस्तान्तरित सम्पूर्ण सम्पतिको अभिलेख तथा जिन्सी लगत अभिलेख २०७४ अनुसार असार भित्र स्थानीय तहले तैयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले हस्तानातरित गाउँ विकास समिति वा त्यसको कुनै वडा वा कार्यालय समाहित भएकोमा साविक त्यस्ता निकायका जिन्सी सम्पति कार्यालयको नाममा हस्न्तान्तरण भएको र प्रतिवेदन तैयार गरेको देखिएन। यसबाट जिन्सी सम्पतिको उपयोग र संरक्षणमा असर पर्ने देखियो। अतः साविक गाउँ विकास समिति वा वडा वा अन्य निकायको जिन्सी तथा नगदी समेत यकिन गरी आमदानीको अभिलेख राखी उल्लिखत आदेश अनुसार प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाइनु पर्दछ। | |
| ५२. | **युनिसेफ तर्फ** पदाधिकारी तथा सदस्यहरुको सुविधाः प्रदेश नं.२ को प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले सुविधा सम्बन्धि ऐन २०७५ को दफा ४ अनुसार मासिक सुविधा पाउने पदाधिकारीहरुलाई स्थानीय तहको सभा वा कुनै समिति वा उपसमितिको बैठकको कुनै पनि भत्ता दिने मिल्ने व्यवस्था छैन । तर कार्यालयले देहाय अनुसार पदाधिकारीहरुलाई विभिन्न समितिमा रहेर अनुगमन तथा बैठक गरेको भत्ता वितरण गरेको देखियो । यस वाट ऐनको व्यवस्था अनुसरणमा असर परेको छ । अतः उक्त रकम असुल गरि राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रु. | २६७७५/- |

| गो.भौ. र मिति | भुक्तानी पाउनेको नाम र खर्च विवरण | खर्च | कर कट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३-०७५/१/२३ | नगर परमुख शम्भु प्रसाद यादव सहित उपप्रमुख वडा अध्यक्ष र कार्यपालिका सदस्य गरि २५ जनाले २ पटक ५०० का दरले युनिसेफको वाल संरक्षण कार्यक्रममा रकम बुझेको | २५०००/- | ३७५०/- | २१२५०/- |
| ३-०७५/१/२३ | नगर परमुख शम्भु प्रसाद यादव सहित उपप्रमुख साधना वालसंरक्षण कार्यक्रम मा १ पटक १००० को दरले रकम बुझेको | २०००/- | ३००/- | १७००/- |
| ३-०७५/१/२३ | युनिसेफले वाल श्रम न्यूनीकरण तर्फ नगर प्रमुख शम्भु प्रसाद यादवले २००० र उपप्रमुख साधना झाले २५०० रकम बुझेको | ४५००/- | ६७५/- | ३८२५/- |
| | **जम्मा** | **३१५००/-** | **४७२५/-** | **२६७७५/-** |

५३. **आन्तरिक लेखापरीक्षण बेरुजू** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित, प्रमाण पेश वा असूल गरी बेरुजू लगत कट्टा गराउनुपर्ने उल्लेख छ । कार्यालयले जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण नगराई आफ्नै सहलेखापाल मात्र रहेको आन्तरीक लेखापरीक्षण शाखाबाट गराएको देखियो । आन्तरिक लेखापरीक्षणबाट पेश्की बाँकीको व्यहोरामात्र औल्याएको देखिएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी भएको देखिएन । अतः आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाईनु पर्ने देखिन्छ ।

५४. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले वित्तिय अनुशासनको पूर्ण अनुशरण नगरेको लगायतका व्यहोरा देखिन आएकोले सोमा सुधार गरी वित्तीय जवाफदेहिताको पूर्ण पालना गर्नु पर्दछ । कार्यालयले समग्र वित्तीय जवाफदेहिता पालनाको स्तर ग्रेड (.सी) रहेको छ ।

५५. **बेरुजु फछ्र्यौट र सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ र आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ बमोजिम लेखापरीक्षणबाट बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र दफा १९ अनुसार तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने व्यवस्था र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) मा लेखापरीक्षणबाट कायम भएका बेरुजूका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुख हुने उल्लेख छ । .कार्यालयले गतविगतको बेरुजू सम्परीक्षण गराएको छैन । कार्यालयले फछ्यौट गर्न बाँकी अन्य बेरुजू यकिन गरी नियमावलीको व्यवस्था वमोजिम फछ्यौट गर्नुपर्दछ ।

५६. **बेरुजूः** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.१ करोड ६५ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २२ लाख २९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड २४ लाख ३० हजार र पेश्की रु. १ करोड २८ लाख ९५ हजार कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले रु.१० करोड ४० लाख ७९ हजार बेरुजू कायम भएको छ

५७. **अनुगमन मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गतवर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| | | | |
|---|---|---|---|
| | गतवर्षसम्मको फछ्यौट गर्न बाँकी (रु हजारमा) | यो वर्ष फछ्यौट (रु हजारमा) | बाँकी |
| | ४,२८,०९ | ० | ४,२८,०९ |
| ५८. | **अद्यावधिक बेरुजू स्थितिः** यस गाऊँपालिकाको आर्थिकवर्ष २०७४।७५ सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहाय अनुसार रहेको छ । | | |

| गतवर्षसम्म फछ्यौट गर्न बाँकी (रु हजारमा) | यो वर्षको सं प बाट कायम बेरुजू | यो वर्षको कायम बेरुजू | बाँकी |
|---|---|---|---|
| ४,२८,०९ | ० | १०,४०,७९ | १४,६८,८८ |

अनुसूची– १

## राजविराज नगरपालिकाको बेरुजू वर्गीकरण
## (विनियोजन, राजश्व र अन्य कारोबारसमेत)
## २०७४।७५

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सप्तरी | राजविराज नगरपालिका | ४५ | २७ | १०,४०,७९ | ० | ० | ० | ४५ | २७ | १०,४०,७९ | १,६५,२५ | २,२२,२९ | ५,२४,३० | | | ७,४६,५९ | ४५,५८ | ८३,३७ | १,२८,९५ |

अनुसूची- २

## राजविराज नगरपालिकाको सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | राजविराज नगरपालिका | सप्तरी | १,५७,७४ | २७,८६,४९ | २६,६०,३२ | ६,६४,२९ | ६१,११,१० | ३०,०८,२६ | १४,९८,३६ | २,९१,५८ | ४७,९८,२० | १४,७०,६४ |